☎ ०८७-४४०१२०
🖷 ०८७-४४००२१

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# जिल्ला विकास समितिको कार्यालय
कालीकोट

website : www.ddckalikot.gov.np
E-mail : info@ddckalikot.gov.np

पत्र संख्या : ०७२/७३
चलानी नं. : ६३३

मिति : २०७२/०८/२८

विषय : वजेट सिलिङ्ग तथा मार्गदर्शन पठाईएको सम्वन्धमा ।

श्री गाविसको कार्यालय
सवै, कालिकोट ।

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.व. २०७३/०७४ को वजेट सिलिङ्ग र मार्गदर्शन यसै पत्र साथ संलग्न राखी तहाँ पठाईएको छ । सोही अनुसार योजना तर्जुमा गर्न/गराउन अनुरोध छ ।

२०७२/८/२८
(टीकाराम ज्ञवाली)
स्थानीय विकास अधिकारी
स्थानीय विकास अधिकारी

वोधार्थ
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

## राष्ट्रिय योजना आयोगवाट आ.व. २०७३/०७४ को बजेट तथा कार्यक्रम तयार गर्ने सम्वन्धी स्थानीय निकायहरुलाई मार्गदर्शन

**(क) समष्टिगत मार्गदर्शन**

१. जिल्लास्तरीय वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा तेहौं योजना (२०७०/७१-२०७२/७३) को आधारपत्रमा उल्लेखित दीर्घकालीन सोंचलाई फलिभूत पार्न जिल्ला आवधिक योजनाले निर्धारण गरेका प्राथमिकतालाई अनुशरण गरी गरिबी न्यूनिकरणमा सहयोग पुऱ्याउने, रोजगारमूलक, छोटो समयमा सम्पन्न भई बढी प्रतिफल दिने, कम लगानीबाट बढी जनसंख्यालाई सहयोग पुऱ्याउने गरी आर्थिक लाभ पुऱ्याउने तथा जनसहभागिता प्राप्त गर्न सकिने किसिमका आयोजनालाई प्राथमिकता दिने ।

२. नेपाल सरकार वा अन्य कुनै निकायले चालू खर्चमा जम्मा हुने गरी तोकेको रकम तथा जिल्ला विकास समितिले आफ्नो आम्दानीबाट आर्थिक नियमावलीको सीमा भित्र रही छुट्याएको निश्चित प्रतिशत रकम चालू खर्च शीर्षकमा छुट्याई बाँकी रकमबाट राष्ट्रिय योजना आयोगको निर्देशन, स्थानीय स्वायत्त शासन ऐन, २०५५ र यस अन्तर्गतका नियमावलीहरु, जिल्ला विकास समिति/नगरपालिका/गाउँ विकास समिति अनुदान सञ्चालनका लागि स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम प्रत्येक निकायले आफ्नो एकीकृत योजना तयार गर्ने ।

३. वैदेशिक सहयोगमा संचालित हुने आयोजनाहरुको हकमा नेपाल सरकारको वैदेशिक सहायता नीति तथा दातृ निकायसँग भएको सम्झौता अनुरुप हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

४. सुशासन, जनताको समीपमा सेवा सुविधा, दिगो, गुणस्तरीय र वातावरणमैत्री स्थानीय पूर्वाधार विकास, आर्थिक अवसरमा बृद्धि र त्यसमा जनताको सहज पहुँच तथा सामाजिक सशक्तिकरणलाई विकास प्रयासका प्राथमिकता क्षेत्रको रुपमा लिई बार्षिक कार्यक्रम तर्जुमा गर्ने ।

५. सहस्राब्दी विकास लक्ष्यहरु, SAARC विकासका लक्ष्यहरु तथा नेपाल पक्ष भएका महिला, बालबालिका अपाङ्ग, आदिवासी जनजातिसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा उल्लेख भएका बिषयमा राष्ट्रिय दायित्व पूरा गर्न सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गर्ने ।

६. जलवायु परिवर्तन अनुकुलन, खानेपानी तथा सरसफाईअन्तर्गत खुला दिशामुक्त क्षेत्र घोषणा, बालमैत्री स्थानीय शासन, पोषण सुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजन, विपद व्यवस्थापन, MDG Acceleration जस्ता बहुपक्षीय जिम्मेवारीका बिषयलाई स्थानीय निकायले अगुवाई गरेको प्रतिविम्वित हुने गरी बार्षिक कार्यक्रममा तत् सम्बन्धी क्रियाकलाप समावेश गर्ने ।

७. योजना तर्जुमा गर्दा आफ्नो क्षेत्रको विकास निर्माण एवं सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालय, नागरिक समाज, गै.स.स., निजी क्षेत्रसँग अन्तर्क्रिया एवं समन्वय गरी अन्तिम रुप दिनुपर्नेछ ।

८. निर्धारित जिल्लागत बजेट सीमाभित्र रही बार्षिक कार्यक्रम तथा बजेट प्रस्ताव हुनुपर्ने र बैदेशिक सहायतामा सञ्चालित आयोजना कार्यक्रमको हकमा दातृ निकायसँग हुने सहमति अनुसार बजेट सीमा थपघट हुन सक्नेछ ।

**(ख) क्षेत्रगत मार्गदर्शन**

**(अ) स्थानीय विकास तथा स्वायत्त शासन क्षेत्र**

१. जिल्लामा पुगेको स्रोतलाई न्यायोचित रुपमा जनता समक्ष पुऱ्याउन जिल्लास्थित सरकारी तथा गैर सरकारी निकायबाट लगानी हुने बजेटलाई स्रोतको रिक्तता हुन नदिने (No Resource gap) र धेरै विकास प्रदायक निकायहरुबाट हुने विकास प्रयासलाई दोहोरिन नदिने (No efforts overlap) व्यवस्था गरी स्रोतको व्यवस्थापन गर्ने ।

२. आयोजना/कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला विकास समितिले वार्षिक कार्यतालिका बनाई लागू गर्ने र आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा सहभागिता जुटाउने ।

३. आयोजना/कार्यक्रमको सञ्चालनमा सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजना स्थल, उपभोक्ताको क्षमता र केन्द्रीय निर्देशन तथा स्थानीय निकायले अवलम्बन गरेको नीतिको अधिनमा रही नगद, श्रम वा स्थानीय सामग्री निर्धारण गर्ने । यसरी सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार तथा समुदायलाई विशेष सहुलियत दिन एवं लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई वञ्चित नगरिने नीति अवलम्वन गर्ने ।

४. स्थानीय निकायको पूँजीगत शीर्षकबाट उपभोग खर्च र कार्यालय सञ्चालन खर्चहरु गर्न अन्य प्रयोजनको लागि रकमान्तर गर्न वा धरौटी राख्न, राजनैतिक दल तथा तिनका भातृ/भगिनी संगठन, संघ संस्था वा व्यक्ति आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता, चन्दा वा अनुदान प्रदान गर्न, दामासाही वा भागवण्डाको हिसाबले रकम बाँडफाँड गर्न, स्थानीय परिषद्बाट निर्णय नभएका कार्यक्रमहरुमा खर्च गर्न, आर्थिक सहायता, चन्दा एवं पुरस्कार सम्बन्धी खर्च गर्न पाइने छैन ।

५. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८५ अनुसार जिल्ला परिषद्को बैठक फाल्गुण मसान्तभित्र सम्पन्न गरी परिषद्बाट पारित वार्षिक विकास कार्यक्रमको एक प्रति चैत १० गतेभित्र राष्ट्रिय योजना आयोगमा आईपुग्ने गरी पठाउने ।

६. स्थानीय निकायले सहकार्य गरी संयुक्त लागानीमा सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमहरुका लागि आवश्यक पर्ने सम्झौता बमोजिमको साझेदारी वा लागत सहभागिता रकम समपूरक कोष (Matching Fund) मा आवश्यक रकम छुट्याएर मात्र अन्य योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन गर्ने ।

७. हाल निर्वाचित जनप्रतिनिधि नभएको अवस्थालाई दृष्टिगत गरी वडा नागरिक मञ्चबाट वडा समिति हुँदै सहभागितामूलक योजना प्रकृया बमोजिम विकास योजना तयार गर्ने ।

८. यस मार्गदर्शनमा उल्लेखित कुराहरुको अतिरिक्त स्थानीय विकास मन्त्रालयबाट प्राप्त निर्देशन तथा निक्षेपित क्षेत्रमा सम्बन्धित मन्त्रालयले दिएको निर्देशनलाई समेत पालना गर्ने ।

९. जिल्ला विकास समिति र जिल्लास्थित विषयगत कार्यालयका सम्पूर्ण कार्यक्रमहरुलाई समेटी एकीकृत रुपमा वार्षिक विकास योजना तर्जुमा गर्नु पर्नेछ । यस कार्यमा विषयगत निकायहरुले आवश्यक प्राविधिक सहयोग जिल्ला विकास समितिलाई उपलब्ध गराउने ।

१०. वार्षिक विकास कार्यक्रम तयार गर्दा संघीय मामिला तथा स्थानीय निकायको आन्तरिक श्रोतबाट प्राप्त हुने रकम र अनुदानबाट प्राप्त हुने रकम मध्येबाट स्थानीय स्वायत्त शासन ऐन, २०५५ स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा स्थानीय विकास मन्त्रालयबाट तयार गरी लागू गरिएका कार्यविधि/निर्देशिका तथा मन्त्रालयबाट भएका निर्देशन अनुरुप क्षेत्रगत रुपमा लगानी गर्नु पर्ने भनी छुट्याइएको रकमबाट सञ्चालन गरिने वार्षिक कार्यक्रम तयार गर्दा विषयगत निकायसँग समन्वय गरी विषयगत निकाय मार्फत् नै कार्यक्रम कार्यान्वयन गर्ने गरी कार्यक्रम तर्जुमा गर्ने । यस्तो कार्यक्रममा विषयगत निकायलाई सम्बन्धित मन्त्रालयबाट प्राप्त हुने बजेटबाट र स्थानीय निकायबाट प्राप्त हुने रकमबाट सञ्चालन गरिने कार्यक्रमहरु स्पष्ट रुपमा छुट्टिने गरी एकीकृत रुपमा कार्यक्रम तर्जुमा गर्ने । उदाहरणको लागि जिल्ला कृषि विकास कार्यालयलाई कृषि विकास मन्त्रालयबाट प्राप्त हुने

बजेट र जिल्ला विकास समितिबाट कृषि क्षेत्रको लागि छुट्याइएको बजेटबाट सञ्चालन गरिने कार्यक्रमहरु एकीकृत रुपमा तयार गरी कृषि/पशु विकास कार्यालय मार्फत् सञ्चालन गर्ने गरी कार्यक्रम तर्जुमा गर्ने ।

११. स्थानीय निकायबाट सञ्चालन गरिने पूर्वाधार विकास (सडक, खानेपानी, विद्युत, प्रकोप नियन्त्रण आदि) का कार्यक्रमहरु आयोजना/कार्यक्रम गर्नुपूर्व संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट लागु गरिएका कार्यविधि/निर्देशिकामा उल्लेखित प्रावधान अनुरुप अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गरिएको हुनुपर्ने र यस्ता आयोजना/कार्यक्रम सञ्चालन गर्दा श्रममूलक तथा वातावरण मैत्री प्रविधि अपनाउने तर श्रम जुट्न नसक्ने आयोजनामा मेसिनको प्रयोग गर्नु पर्दा लागत अनुमान पनि सोही अनुसारको बनाई काम गराउने ।

१२. सम्पन्न भईसकेका भौतिक संरचनाहरुको निरन्तर सञ्चालन हुन सक्ने अवस्थामा राख्न आवश्यक मर्मत सम्भार कोष सम्बन्धी व्यवस्था गर्ने ।

१३. पूर्वाधारतर्फ निर्माणाधीन अधुरा आयोजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमलाई प्राथमिकता दिने । पूर्वाधार (सडक, खानेपानी, विद्युत, सिंचाई आदि) तर्फका नयाँ योजना/कार्यक्रमलाई वार्षिक विकास कार्यक्रममा समावेश गर्दा निश्चित मापदण्डको आधारमा प्राथमिकीकरण गरी प्राथमिकताको आधारमा उपलब्ध श्रोतबाट सम्पन्न हुने गरी वार्षिक विकास कार्यक्रममा समावेश गर्ने ।

१४. आयोजना सम्झौता हुन पूर्व नै कार्य सम्पन्न भईसकेको भनी कुनै पनि किसिमका योजना छनौट गर्न तथा सम्झौता गरी भुक्तानी दिन नपाइने ।

१५. स्थानीयस्तरका आयोजना/कार्यक्रम सञ्चालन गर्नका लागि सकभर हाल कार्यरत उपभोक्ता समूहहरुलाई प्रयोग गर्ने । समूह नै नभएको अवस्थामा वा भईरहेको समूहले सन्तोषजनक रुपमा कार्य सम्पन्न नगरेको पाईएमा मात्र नयाँ समूह गठन गर्ने ।

१६. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने लक्षित समूहको लगत अद्यावधिक गरी राख्ने । यस्तो रकमको भुक्तानी बैङ्किङ्ग प्रणाली मार्फत गर्ने व्यवस्था मिलाउदै गर्ने ।

१७. जिल्लास्थित विषयगत कार्यालयहरुबाट अनिर्वाय रुपमा जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (DPMAS) अनुरुपका सूचकहरुको प्रगति लिई जिल्ला सूचना तथा विश्लेषण अभिलेख केन्द्रमा रहने DPMAS software मा उक्त सूचनाको प्रवृष्टि गरी प्रशोधन तथा विश्लेषण गर्ने व्यवस्था मिलाउने ।

१८. गा.वि.स.मा जाने अनुदान बजेटको १५ प्रतिशत रकम कृषि क्षेत्रमा उपयोग हुने नीति रहे अनुसार सो रकमलाई सडक सुविधा पुगेका गाउँमा उत्पादन बढाउने क्रियाकलाप समावेश गरी योजना तर्जुमा गर्ने ।

१९. स्थानीय निकायलाई प्राप्त अनुदान वा स्वआर्जित रकमबाट कार्यक्रम स्वीकृत नभई सञ्चालन गरिएको भनिएका योजना तथा कार्यक्रमको रकम भुक्तानी दिन, गत वर्षमा वा चालु आर्थिक वर्षमा पनि निर्धारित प्रक्रिया बमोजिम स्वीकृति र सम्झौता पूर्व कार्य सम्पन्न गरिएको भनी भुक्तानी माग गरिएको आयोजना/ कार्यक्रममा खर्च गर्न नपाइने ।

२०. नयाँ सडक निर्माण सम्बन्धी योजना स्वीकृत गर्दा स्वीकृत जिल्ला समेट्ने सडक गुरुयोजना अनुरुप मात्र गर्ने र यस्ता आयोजना सञ्चालन गर्नुपूर्व सडकको क्षेत्राधिकार कायम गर्ने । स्थानीयस्तरमा निर्माण भएका सडकहरुको लगत एकीन गरी स्थानीय मालपोत कार्यालयबाट लगत कट्टा गराउने ।

२१. निक्षेपित कार्यक्रमहरुको निरन्तर अनुगमन एवं समीक्षा गर्ने आवश्यक व्यवस्था मिलाउने ।

२२. स्थानीय निकायहरुको आम्दानी खर्च र भौतिक प्रगति विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने ।

२३. स्थानीय निकायहरुद्वारा नागरिक वडापत्र जारी गरी सम्पादित विकास निर्माणका कार्य तथा सेवा प्रवाह सम्बन्धी कार्यहरु पारदर्शी बनाई उत्तरदायी ढङ्गले सञ्चालन गर्ने र त्यसको प्रभावकारी अनुगमन गर्ने ।

२४. बाटोघाटो, सिंचाई नहर लगायतका भौतिक पूर्वाधार निर्माण गर्दा भू-क्षय नहुने, पानी मुहान एवं वन तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी सञ्चालन गर्ने । यदि भू-संरक्षण एवं वन तथा वातावरणमा प्रतिकूल असर पर्ने देखिएमा त्यसको न्यूनीकरण तथा रोकथामको लागि आवश्यक पर्ने वजेट तथा कार्यक्रम सम्वन्धित भौतिक पूर्वाधार निर्माण गर्ने निकायले स्थानीय जिल्ला वन कार्यालय वा जिल्ला भू संरक्षण कार्यालयसँग समन्वय गरी वन तथा वातावरण संरक्षणसँग सम्वधित क्रियाकलाप भौतिक पूर्वाधार निर्माणकै कार्यक्रम भित्र समावेश गरी कार्यान्वयनको व्यवस्था मिलाउने ।

२५. महिला, दलित एवं विपन्न वर्गलाई प्रत्यक्ष लाभ पुग्ने खालका वातावरणमैत्री सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।

२६. क्रमागत आयोजना/कार्यक्रमहरु भौतिक तथा वित्तीय प्रगतिको आधारमा शीघ्र समाप्त हुने गरी प्रस्ताव गर्ने र लामो समयदेखि बार्षिक विकास कार्यक्रममा योजनाहरु समावेश भैराख्ने तर सम्पन्न हुन नसकेका आयोजना/कार्यक्रमहरुको औचित्य हेरी मात्र प्रस्तुत गर्ने र प्रस्ताव गर्ने । लामो समयदेखि वार्षिक विकास कार्यक्रममा समावेश भएका तर सम्पन्न हुन नसकेका कार्यक्रम/आयोजनाहरुको औचित्य हेरी आवश्यक देखिएमा मात्र कार्यक्रममा समावेश गर्ने ।

**(आ) शिक्षा क्षेत्र**

१. "साक्षर नेपाल" अभियानलाई सफल पार्दै स्थानीय आवश्यकता अनुरुपका जीवनोपयोगी सीपसँग शिक्षा प्रणालीलाई आवद्ध गरी लक्षित समुदायको पहुँचमा पुऱ्याउने, निरन्तर शिक्षाका अवसरहरुको सिर्जना गर्ने र सबै प्रमुख सरोकारवालाहरुसँगको सहकार्यमा कार्यान्वयन गर्ने दृष्टिकोण लिई कार्यक्रम तर्जुमा गर्ने ।

२. "प्रारम्भिक बाल विकास" मा बढी प्राथमिकता दिई यसमा स्थानीय निकाय, गैर सरकारी संस्थाहरु तथा समुदायको अग्रसरतालाई प्रोत्साहन गर्दै माग एवं औचित्यको आधारमा सन्तुलित र समावेशी ढंगले विस्तार गर्ने, व्यवस्थापनलाई प्रभावकारी बनाउने, आधुनिक बालमैत्री विधिहरुको अवलम्बन गर्ने र सहजकर्ताको क्षमता विकासमा जोड दिई कार्यक्रम तयार गर्ने ।

३. शैक्षिक तथ्यांकलाई यथार्थपरक बनाउन हालको तथ्यांक प्राप्त गर्ने विधि तथा व्यवस्थापन प्रक्रियाको पुनरावलोकन गर्दै अनुगमन तथा मूल्यांकन प्रणालीलाई सुदृढ गर्ने, विश्वसनीय एवं प्रभावकारी शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विकास र उपयोग गर्ने दृष्टिकोण लिई कार्यक्रम तयार गर्ने ।

४. विद्यालयमा कार्यरत शिक्षकहरुको तलब तथा भत्ता लगायत अन्य सुविधाहरु बैङ्किङ्ग प्रणाली मार्फत भुक्तानी गर्ने ।

**(इ) वन तथा भू-संरक्षण क्षेत्र**

१. जिल्ला विकास समितिहरुले जिल्लास्थित वन तथा वातावरण क्षेत्रको संरक्षण तथा दिगो विकासको लागि वन क्षेत्रबाट आउने आम्दानीबाट वन तथा वातावरण संरक्षणको क्षेत्रमा समेत विनियोजन गरी कार्यान्वयनको व्यवस्था मिलाउने ।

२. शहरी, औद्योगिक क्षेत्र तथा सडक आसपासका क्षेत्रहरुको वढ्दो प्रदुषणलाई न्यूनीकरण गरी स्वच्छ वातावरण एवं हरियाली प्रवर्द्धन गर्न स्थानीय निकायसंग सम्बन्धित वन वा भू-संरक्षण कार्यालयले समन्वय गरी सोको कार्यान्वयनको लागि अनुदानको निश्चित रकम विनियोजन गर्ने गराउने ।

३. विपद् एवं जोखिम न्यूनीकरणका कार्यक्रमहरुलाई वन क्षेत्रका जिल्लास्तरका कार्यक्रमहरुमा मूलप्रवाहीकरण गर्दै जान विपद् व्यवस्थापन चक्रको प्रत्येक चरणलाई सम्वोधन गर्ने कार्यक्रमहरु समेत प्रस्ताव गर्ने ।

४. वन अतिक्रमणलाई प्रत्यक्ष वा परोक्ष रुपले सहयोग पुग्ने गरी कुनै पनि कार्यक्रमहरु सञ्चालन नगर्ने र वन तथा वातावरण संरक्षणको महत्व एवं वन अतिक्रमणवाट पर्ने नकारात्मक प्रभावहरुको बारेमा प्रचारप्रसार लगायतका प्रभावकारी कार्यक्रमहरु तय गरी कार्यान्वयनको व्यवस्था मिलाउने तथा वन अतिक्रमणलाई नियन्त्रण गर्ने ।

५. प्रत्येक जिल्ला वन कार्यालयहरुले आ-आफ्नो जिल्लाभित्र भएका वन अतिक्रमणको विस्तृत लगत तयार गर्ने । जसमा अतिक्रमण गर्ने व्यक्ति, संघ संस्थाको नाम, थर र ठेगाना तथा निजले अतिक्रमण गरेको वन क्षेत्रको क्षेत्रफल र स्थान समेत स्पष्ट खुलाई क्षेत्रीय वन कार्यालय, वन विभाग/मन्त्रालय र रा.यो.आ.मा पनि पठाउने ।

६. बाटोघाटो, सिंचाई, नहर लगायतका भौतिक पूर्वाधार निर्माण गर्दा भू-क्षय नहुने, पानी मुहान एवं वन तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी सञ्चालन गर्ने । यदि भू-संरक्षण एवं वन तथा वातावरणमा प्रतिकूल असर पर्ने देखिएमा त्यसको न्यूनीकरण तथा रोकथामको लागि आवश्यक पर्ने बजेट तथा कार्यक्रम सम्बन्धित भौतिक पूर्वाधार निर्माण गर्ने निकायले स्थानीय जिल्ला वन कार्यालय वा जिल्ला भू संरक्षण कार्यालयसँग समन्वय गरी वन तथा वातावरण संरक्षणसँग सम्वधित क्रियाकलाप भौतिक पूर्वाधार निर्माणकै कार्यक्रमभित्र समावेश गरी कार्यान्वयनको व्यवस्था मिलाउने ।

७. महिला, दलित एवं विपन्न वर्गलाई प्रत्यक्ष लाभ पुग्ने खालका वातावरण मैत्री सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।

**(ई) कृषि विकास क्षेत्र**

१. कृषिका कार्यक्रम सञ्चालनबाट कर्णाली अञ्चल जस्ता पिछडिएका दुर्गम क्षेत्रहरुमा सम्भाव्य खाद्यान्न उत्पादन र अन्य सम्भाव्य आय आर्जन प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गराई खाद्य सुरक्षामा टेवा पुर्‍याउने र अन्य क्षेत्रहरुमा पनि गरिब, दलित, जनजाति, मधेशी, उत्पिडित, सिमान्त एवम् कृषि श्रमिकहरुको संख्या तथा विवरण तयार गरी उनीहरुको जीविकोपार्जनमा सुधार गर्न आय तथा रोजगार उपलब्ध गराउने खालका लक्षित समूहमुखी कार्यक्रमहरुको पनि पहिचान गरी कार्यान्वयन गर्ने दृष्टिबाट खाद्य सुरक्षा बढाउन एकीकृत कार्यक्रम तर्जुमा गर्ने ।

२. आयोजना छनौट गर्दा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिमा व्यवस्था भए बमोजिमका कृषि तथा पशु सेवा क्षेत्रसँग सम्बन्धित आयोजनाहरु छनौट गर्ने । यसरी आयोजना/ कार्यक्रम छनौट गर्दा सम्बन्धित निकायहरुको सहभागिता र समन्वयमा छनौट गर्ने ।

३. कृषि विकास तथा पशु सेवा कार्यालयहरुबाट संगठित गरिएका कृषक समूह तथा अन्य क्षेत्र वा निकायहरुबाट निर्माण भएका कृषक समूहहरु समेतको समन्वयमा कृषि प्रसार तथा पशु सेवा प्रसारका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरी कृषकहरुलाई उपलब्ध गराउने सेवा प्रवाह कार्यलाई अझ प्रभावकारी बनाउने ।

४. ग्रामीण युवाहरुलाई रोजगारी सृजना, कृषि तथा पशुपालनमा उद्यमशीलता विकास जस्ता गरिबी निवारणमा सहयोग पु-याउने खालका कार्यक्रमहरु प्रस्ताव गर्ने ।

५. कृषि क्षेत्रमा कार्यरत सरकारी–सहकारी साझेदारीमा कृषि उत्पादन, बजारीकरण तथा प्रशोधनका कार्यक्रमहरु तर्जुमा गर्ने ।

६. खाद्यान्न उत्पादन न्यून भएका र खाद्य तथा पोषण असुरक्षित क्षेत्रमा स्थानीयस्तरमा उपलब्ध खाद्यान्नको उत्पादन बृद्धि गर्ने र आन्तरिक वजारमा उच्च माग भएका दूध, दुग्ध पदार्थ, तरकारी, फलफूल आदिको उत्पादनमा प्रवर्द्धन गर्ने खालका कार्यक्रमहरु तर्जुमा गर्ने ।

७. कृषि उपज उत्पादनको बृद्धि तथा सहज बजारीकरणको लागि बजार तथा मूल्य श्रृंखलाका विभिन्न सरोकारवाला पक्षहरुसँग छलफल गरी त्यसको निष्कर्षको आधारमा मूल्य अभिबृद्धिका कार्यक्रमहरु तर्जुमा गर्नुपर्नेछ ।

८. स्थानीय स्तरमा कृषकका उपजको बजार सुनिश्चित गर्ने । सरकारी संस्थाहरुबाट खरिद गरी पछि बिक्री गर्न सकिने सम्भाव्यता हेरी त्यसका लागि बजेट छुट्याउने ।

९. सम्भाव्य स्थानहरुमा फलफूल, तरकारी, पशु र मत्स्य उत्पादन पकेट क्षेत्रहरुको विकास गर्न जिल्ला विकास समितिको कृषि तथा ग्रामीण सडक कार्यक्रम, जिल्लास्थित सिंचाई कार्यालयको कार्यक्रम, स्थानीय निकाय, कृषि विकास कार्यालय र पशु सेवा कार्यालयको संयुक्त प्रयासमा एकिकृत कार्यक्रम तर्जुमा गर्ने ।

**(उ) सडक क्षेत्र**

१. व.उ.शी.नं. ३३७१०७४ को केन्द्रीयस्तरका सडकका विभिन्न क्रमानुगत सडक आयोजनाहरुको वर्गीकरणमा समावेश भएका योजनाहरु दोहोरिएको पाइएमा कुनै एक मात्र कार्यान्वयन गर्नुपर्नेछ । यसका लागि सडक विभाग र स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग बीच जिल्ला एवं केन्द्रीयस्तरमा प्रभावकारी समन्वय गर्ने व्यवस्था मिलाउने । यसका लागि ग्रामीण सडक अभिलेख र राष्ट्रिय योजना आयोगबाट प्रकाशित हुने जिल्लास्तरीय विकास कार्यक्रम (भाग-२) लाई आधार मान्ने ।

२. दुई वा सो भन्दा बढी जिल्ला जोड्ने सडकहरु र आर्थिक केन्द्र जोड्ने सडकहरु सडक विभागबाट र अन्य सडकहरु स्थानीय पूर्वाधार तथा कृषि सडक विभागबाट कार्यान्वयन गराउने ।

३. क्रमानुगत सडक योजनाहरुलाई कम्तीमा ग्राभेलस्तरमा निर्माण गरे पश्चात मात्र जिल्ला सडकका नयाँ गुरु योजनामा परेका नयाँ योजनाहरु समावेश गर्ने ।

४. नक्सा, डिजाइन पश्चात मात्र सडक निर्माण गर्ने । ग्रामीणस्तरको सडक डोजर, एक्साभेटरको प्रयोगलाई भन्दा जनशक्ति उपयोग गर्ने नीति लिने । जनशक्ति नपाइएमा मेशिनबाट काम गराउने र लागत अनुमान पनि सोही अनुसार गर्ने/गराउने ।

**(ऊ) स्वास्थ्य क्षेत्र**

१. नयाँ स्वास्थ्य संरचना स्थापना गर्दा परम्परागत तथा वैकल्पिक स्वास्थ्य सेवाहरु (जस्तै आर्युवेद, होमियोप्याथी, न्यूरोप्याथी, आम्ची, एकुपन्चर) लाई एउटै छातामुनि प्रवाह गर्ने व्यवस्था गरी जिल्लास्तर र प्राथमिक स्वास्थ्य केन्द्रस्तरबाट यो कार्य शुरु गर्ने ।

२. पोषण तथा एच.आई.भि. एड्स जस्ता बहुपक्षीय सरोकारका विषयलाई सम्बोधन गर्न जिल्ला स्तरीय संयन्त्र स्थापना गर्ने र भएका संयन्त्रलाई थप प्रभावकारी बनाउँदै लैजाने ।

३. गरीव तथा दुर्गम एवं पछाडि परेका क्षेत्रका जनतालाई स्वास्थ्य सम्बन्धी आधारभूत जानकारी दिन हेलो स्वास्थ्य जस्ता कार्यक्रमलाई विस्तार गरी प्रभावकारी बनाउँदै लैजाने ।

४. प्राथमिकता प्राप्त आयोजना/कार्यक्रमको सफल कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन कार्यलाई सवल बनाउने ।

**(ए) महिला बालबालिका तथा समाज कल्याण क्षेत्र**

१. बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ तथा बालबालिकाका लागि राष्ट्रिय कार्ययोजना तर्जुमा भइसकेको अवस्थामा जिल्लास्थित कार्यालयहरुले उक्त नीति र कार्ययोजनाका व्यवस्थाहरुलाई आ-आफ्नो वार्षिक कार्यक्रमहरुमा समावेश गर्ने ।

२. महिलामाथि हुने हिंसा र मानव वेचविखन तथा ओसार पसारका कार्यलाई निरुत्साहित गर्न सहयोग पुग्ने खालका कार्यक्रमहरुलाई प्राथमिकताका साथ तर्जुमा गर्नुपर्नेछ ।

३. विकाससँग सम्बद्ध आयोजना छनौटदेखि अनुगमन/मूल्यांकन गर्ने सम्मका सबै चरणमा अनिवार्य रुपमा महिलाको सहभागिता सुनिश्चित गर्नुपर्नेछ ।

४. नेपाल सरकारका विभिन्न मन्त्रालय र निकायहरुले सञ्चालन गर्ने विकास कार्यक्रम अन्तर्गत महिला सहभागिता र सशक्तिकरण जस्ता कार्यक्रमको बारेमा पहुँच बढ्ने गरी सचेतनामूलक कार्यक्रम तयार गर्ने र महिला जागृति कार्यक्रम अन्तर्गत गठित विभिन्न समूहमा तालिम प्रदान गर्दा ฅदचभ्ाँबि बउउचयबअज को आधारमा साक्षरता, सुरक्षित बैदेशिक रोजगारी र स्थानीय निकायमा नेपाल सरकारले दिने अनुदानका बारेमा चेतना अभिबृद्धि गर्ने लगायतका क्रियाकलापहरु समेत समावेश गर्ने गरी आयोजना छनौट गर्ने ।

**(ऐ) खानेपानी तथा सरसफाई क्षेत्र**

१. सन् २०१७ सम्म सवैको लागि सरसफाई र स्वस्छ खानेपानी उपलब्ध गराउने गरी कार्यक्रम तर्जुमा गर्ने ।

२. नेपाल सरकारले MDG Accleration Framework (MAF) को संरचना भित्र रहेर सबै सामुदायिक विद्यालयहरुमा छुट्टै छात्रा शौचालय निर्माण गर्ने लक्ष्य लिएको हुँदा हालसम्म पनि छात्रा शौचालय नभएका विद्यालयहरुमा अनिवार्य रुपमा त्यस्ता शौचालय निर्माण गर्ने गरी कार्यक्रम प्रस्ताव गर्ने ।

## संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट आ.व. २०७३/७४ को बजेट तथा कार्यक्रम तयार गर्ने सम्वन्धी स्थानीय निकायहरुलाई मार्गदर्शन

### (क) समष्टिगत मार्गदर्शन

१. जिल्लास्तरीय वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा तेहौं योजना (२०७०/७१-२०७२/७३)को आधारपत्रमा उल्लेखित दीर्घकालीन सोंचलाई फलिभूत पार्न जिल्ला आवधिक योजनाले निर्धारण गरेका प्राथमिकतालाई अनुशरण गरी जिवनस्तरमा सुधार एवं गरिबी न्यूनिकरणमा सहयोग पुऱ्याउने, रोजगारमूलक, छोटो समयमा सम्पन्न भई बढी प्रतिफल दिने, कम लगानीबाट बढी जनसंख्यालाई सहयोग पुऱ्याउने गरी आर्थिक लाभ पुऱ्याउने तथा जनसहभागिता प्राप्त गर्न सकिने किसिमका आयोजनालाई प्राथमिकता दिने ।

२. जिल्लास्तरीय वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा जिल्ला विकास समितिले जिल्लामा सो कार्यमा क्रियाशील स्थानीय निकायहरु, विषयगत सरकारी कार्यालयहरु, गैर सरकारी संघसंस्थाहरु, दातृ निकायका स्थानीय इकाईहरु, नागरिक समाज एवं निजी क्षेत्रबाट लगानी हुने साधन श्रोत को एकिकृत सूचना तयार गरी सबै साझेदार सरोकारवालाहरु सँग अन्तरक्रिया र समन्वय गरी वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने कार्यको अगुवाई गर्ने ।

३. जिल्ला विकास समितिको अगुवाइमा हुने सहभागितामूलक समावेशी योजना तर्जुमा प्रकृयामा जिल्ला स्थित सबै विकास साझेदार निकायहरु अनिवार्य रुपमा सहभागी भई उक्त वार्षिक जिल्ला विकास योजना तर्जुमा प्रकृयालाई सबै विकास साझेदारको साझा योजना प्रकृयाको रुपमा स्थापित गरी साझा जिम्मेवारीका साथ कार्य सम्पन्न गर्ने । यस सिलसिलमा जिल्लास्तरका विषयगत निकायका प्रमुखहरु अनिवार्य रुपमा पूर्व योजना तर्जुमा बैठक (मंसिरको दोश्रो हप्ता भित्र) इलाका स्तरीय योजना तर्जुमा गोष्ठी (माघको पहिलो हप्ता देखि तेश्रो हप्तासम्म), विषयगत योजना तर्जुमा समितिको बैठक, एकिकृत योजना तर्जुमा बैठक, जिल्ला विकास समिति बैठक र जिल्ला परिषद्को समयमा (माघ तेश्रो हप्ता देखि फाल्गुन मसान्तसम्म) जिल्लामा उपलब्ध भई सहभागी हुनका लागि सम्बन्धित विषयगत मन्त्रालयले आवश्यक निर्देशन पठाउनु पर्ने ।

४. स्थानीय निकायको अगुवाइमा हुने सहभागिता मूलक समावेशी वार्षिक योजना प्रकृया (चौध तहको योजना प्रकृया) नै जनताको मागलाई व्यवस्थित रुपमा संबोधन गर्ने प्रकृया भएकाले सोही प्रकृयाबाट माग भै आउने तर जिल्ला स्तरमा सम्बोधान गर्न नसकिने योजनाहरुलाई नै केन्द्रीयस्तरमासमावेश गर्नु पर्ने भएकाले जिल्ला विकास समितिको अगुवाइमा तर्जुमा हुने वार्षिक विकास योजनामा केन्द्रसँग माग गर्ने योजना वा कार्यक्रम समेत समावेश हुने गरी माग व्यवस्थापन गर्ने ।

५. जिल्लामा संचालनहुने सम्पूर्ण विकास निर्माण तथा सेवा प्रवाहको नेतृत्व गर्ने जिम्मेवारी कानूनतः जिल्ला विकास समितिमा रहेको र व्यहारतः सबै विषयगत मन्त्रालयहरुबाट संरचनागत व्यवस्थाद्वारा जिल्ला विकास समितिको नेतृत्वमा सो कार्य भै रहेकोले जिल्ला विकास समितिको अगुवाइमा तर्जुमा भएको वा हुने जिल्ला आवधिक योजना (District Periodic Plan) लाई जिल्लाको समग्र विकासको मूल खाका र वार्षिक रुपमा तर्जुमा हुने जिल्ला विकास योजनालाई सम्पूर्ण विकास साझेदार तथा सरोकारवालाको संयुक्त योजना दस्तवेजको रुपमा स्थापित गर्न सूचनामा आधारित एवं समन्वयात्मक योजना प्रकृयालाई संस्थागत गर्नु सबैको कर्तव्य हुने हुँदा वार्षिक जिल्ला विकास योजनामा समावेश भएका विकास निर्माणका योजनालाई मात्र कार्यान्वयन गर्न केन्द्रीयस्तर र स्थानीयस्तरका सम्बन्धित सबै निकायले ध्यान दिनुपर्ने ।

६. विकास साझेदारहरुले जिल्लास्तरमा कार्यक्रम कार्यान्वनय गर्दा सबै गाविस र नगरपालिकालाई योजनाले समेटने क्षेत्रको रुपमा परिभाषित गरी सचेतना र सशक्तीकरण जस्ता ज्ञानको स्थानान्तरण सम्बन्धी कार्यक्रम सबैको लागि र आधारभूत भौतिक पूर्वाधारका सुविधाहरु विपन्न र कमजोर समुदाय समक्ष पुऱ्याउने सोचका साथ वार्षिक जिल्ला विकास योजना तर्जुमा गर्ने ।

७. वैदेशिक सहयोगमा संचालित हुने आयोजनाहरुको हकमा नेपाल सरकारको वैदेशिक सहायता नीति तथा दातृ निकायसँग भएको सम्झौता अनुरुप हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

८. सहस्राब्दी विकास लक्ष्यहरु, SAARC विकासका लक्ष्यहरु तथा नेपाल पक्ष भएका महिला, बालबालिका अपाङ्ग, आदिवासी जनजातिसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा उल्लेख भएका बिषयमा राष्ट्रिय दायित्व पूरा गर्न सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गर्ने ।

९. वातावरण सन्तुलन, जलवायु परिवर्तन अनुकुलन, विपद र फोहरमैला व्यवस्थापन, खानेपानी तथा सरसफाईअन्तर्गत खुला दिशामुक्त क्षेत्र घोषणा, बालमैत्री स्थानीय शासन, पोषण सुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजन, MDG Acceleration जस्ता

बहुपक्षीय जिम्मेवारीका बिषयलाई स्थानीय निकायले अगुवाई गरेको प्रतिविम्वित हुने गरी बार्षिक कार्यक्रममा तत् सम्बन्धी क्रियाकलाप समावेश गर्ने ।

१०. निर्धारित जिल्लागत बजेट सीमाभित्र रही बार्षिक कार्यक्रम तथा बजेट प्रस्ताव हुनुपर्ने तर बैदेशिक सहायतामा सञ्चालित आयोजना कार्यक्रमको हकमा दातृ निकायसँग हुने सहमति अनुसार बजेट सीमा थपघट हुन सक्ने ।

**(ख) क्षेत्रगत मार्गदर्शन**

**(अ) सङ्घीयता, स्थानीय विकास तथा स्वायत्त शासन क्षेत्र**

१. नेपाल सरकार वा अन्य कुनै निकायले चालू खर्चमा जम्मा हुने गरी तोकेको रकम तथा जिल्ला विकास समितिले आफ्नो आम्दानीबाट आर्थिक नियमावलीको सीमा भित्र रही छुट्याएको निश्चित प्रतिशत रकम चालू खर्च शीर्षकमा छुट्याई बाँकी रकमबाट राष्ट्रिय योजना आयोगको निर्देशन, स्थानीय स्वायत्त शासन ऐन, २०५५ र यस अन्तर्गतका नियमावलीहरु, जिल्ला विकास समिति/नगरपालिका/गाउँ विकास समिति अनुदान सञ्चालन का लागि स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम प्रत्येक निकायले आफ्नो एकीकृत योजना तयार गर्ने ।

२. सुशासन, जनताको नजिकमा सेवा सुविधा, दिगो, गुणस्तरीय र वातावरणमैत्री स्थानीय पूर्वाधार विकास, आर्थिक अवसरमा बृद्धि र त्यसमा जनताको सहज पहुँच, लैङ्गिक उत्तरदायी बजेट, बालमैत्री स्थानीय शासन, सामाजिक सुरक्षा, समावेशीकरण तथा सशक्तिकरण, शान्तीका लागि मध्यस्थता, वातावरणमैत्री स्थानीय शासन तथा सङ्घीय मामिला सम्बन्धी अध्ययनका विषयहरु मन्त्रालयको प्राथमिकतायुक्त अभियान (Prioritized Mission) भएकाले जिल्ला विकास समितिले वार्षिक योजना तर्जुमा गर्दा यथोचित ध्यान दिने ।

३. जिल्लामा पुगेको स्रोतलाई न्यायोचित रुपमा जनता समक्ष पुऱ्याउन जिल्लास्थित सरकारी तथा गैर सरकारी निकायबाट लगानी हुने बजेटलाई स्रोतको रिक्तता हुन नदिने (No Resource gap) र धेरै विकास प्रदायक निकायहरुबाट हुने विकास प्रयासलाई दोहोरिन नदिने (No Efforts overlap) व्यवस्था गरी स्रोतको व्यवस्थापन गर्ने ।

४. आयोजना/कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला विकास समितिले वार्षिक कार्यतालिका बनाई लागू गर्ने र आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा सहभागिता जुटाउने ।

५. आयोजना/कार्यक्रमको सञ्चालनमा सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजना स्थल, उपभोक्ताको क्षमता र केन्द्रीय निर्देशन तथा स्थानीय निकायले अवलम्बन गरेको नीतिको अधिनमा रही नगद, श्रम वा स्थानीय सामग्री निर्धारण गर्ने । यसरी सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार तथा समुदायलाई विशेष सहुलियत दिन एवं लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई वञ्चित नगरिने नीति अवलम्वन गर्ने ।

६. स्थानीय निकायको पूँजीगत शीर्षकबाट उपभोग खर्च र कार्यालय सञ्चालन खर्चहरु गर्न अन्य प्रयोजनको लागि रकमान्तर गर्न वा धरौटी राख्न, राजनैतिक दल तथा तिनका भातृ/भगिनी संगठन, संघ संस्था वा व्यक्ति आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता, चन्दा वा अनुदान प्रदान गर्न, दामासाही वा भागवण्डाको हिसाबले रकम बाँडफाँड गर्न, स्थानीय परिषद्बाट निर्णय नभएका कार्यक्रमहरुमा खर्च गर्न, आर्थिक सहायता, चन्दा एवं पुरस्कार सम्बन्धी खर्च नगर्ने।

७. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८५ अनुसार जिल्ला परिषद्को बैठक फाल्गुण मसान्तभित्र सम्पन्न गरी परिषद्बाट पारित वार्षिक विकास कार्यक्रमको एक प्रति चैत १० गतेभित्र राष्ट्रिय योजना आयोगमा आईपुग्ने गरी पठाउने ।

८. स्थानीय निकायले सहकार्य गरी संयुक्त लागानीमा सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमहरुका लागि आवश्यक पर्ने सम्झौता बमोजिमको साझेदारी वा लागत सहभागिता रकम समपूरक कोष (Matching Fund) मा आवश्यक रकम छुट्याएर मात्र अन्य योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन गर्ने ।

९. हाल निर्वाचित जनप्रतिनिधि नभएको अवस्थालाई दृष्टिगत गरी वडा नागरिक मञ्चबाट वडा समिति हुँदै सहभागितामूलक योजना प्रकृया बमोजिम विकास योजना तयार गर्ने ।

१०. यस मार्गदर्शनमा उल्लेखित कुराहरुको अतिरिक्त सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त निर्देशन तथा निक्षेपित क्षेत्रमा सम्बन्धित मन्त्रालयले दिएको निर्देशनलाई समेत पालना गर्ने ।

११. जिल्ला विकास समिति र जिल्लास्थित विषयगत कार्यालयका सम्पूर्ण कार्यक्रमहरुलाई समेटी एकीकृत रुपमा वार्षिक विकास योजना तर्जुमा गर्नु पर्नेछ । यस कार्यमा विषयगत निकायहरुले आवश्यक प्राविधिक सहयोग जिल्ला विकास समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

१२. वार्षिक विकास कार्यक्रम तयार गर्दा संघीय मामिला तथा स्थानीय निकायको आन्तरिक श्रोतबाट प्राप्त हुने रकम र अनुदानबाट प्राप्त हुने रकम मध्येबाट स्थानीय स्वायत्त शासन ऐन, २०५५ स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा स्थानीय विकास मन्त्रालयबाट तयार गरी लागू गरिएका कार्यविधि/निर्देशिका तथा मन्त्रालयबाट भएका निर्देशन अनुरुप क्षेत्रगत रुपमा लगानी गर्नु पर्ने भनी छुट्याइएको रकमबाट सञ्चालन गरिने वार्षिक कार्यक्रम तयार गर्दा विषयगत निकायसँग समन्वय गरी विषयगत निकाय मार्फत् नै कार्यक्रम कार्यान्वयन गर्ने गरी कार्यक्रम तर्जुमा गर्ने । यस्तो कार्यक्रममा विषयगत निकायलाई सम्बन्धित मन्त्रालयबाट प्राप्त हुने बजेटबाट र स्थानीय निकायबाट प्राप्त हुने रकमबाट सञ्चालन गरिने कार्यक्रमहरु स्पष्ट रुपमा छुट्टिने गरी एकीकृत रुपमा कार्यक्रम तर्जुमा गर्ने । उदाहरणको लागि जिल्ला कृषि विकास कार्यालयलाई कृषि विकास मन्त्रालयबाट प्राप्त

हुने बजेट र जिल्ला विकास समितिबाट कृषि क्षेत्रको लागि छुट्ट्याइएको बजेटबाट सञ्चालन गरिने कार्यक्रमहरु एकीकृत रुपमा तयार गरी कृषि/पशु विकास कार्यालय मार्फत् सञ्चालन गर्ने गरी कार्यक्रम तर्जुमा गर्ने ।

१३. स्थानीय निकायबाट सञ्चालन गरिने पूर्वाधार विकास (सडक, खानेपानी, विद्युत, प्रकोप नियन्त्रण आदि) का कार्यक्रमहरु आयोजना/कार्यक्रम गर्नुपूर्व संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट लागु गरिएका कार्यविधि/निर्देशिकामा उल्लेखित प्रावधान अनुरुप अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गरिएको हुनुपर्ने र यस्ता आयोजना/कार्यक्रम सञ्चालन गर्दा श्रममूलक तथा वातावरण मैत्री प्रविधि अपनाउने तर श्रम जुट्न नसक्ने आयोजनामा मेसिनको प्रयोग गर्नु पर्दा लागत अनुमान पनि सोही अनुसारको बनाई काम गराउने ।

१४. सम्पन्न भईसकेका भौतिक संरचनाहरुको निरन्तर सञ्चालन हुन सक्ने अवस्थामा राख्न आवश्यक मर्मत सम्भार कोष सम्बन्धी व्यवस्था गर्ने ।

१५. पूर्वाधारतर्फ निर्माणाधीन अधुरा आयोजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमलाई प्राथमिकता दिने । पूर्वाधार (सडक, खानेपानी, विद्युत, सिंचाई आदि) तर्फका नयाँ योजना/कार्यक्रमलाई वार्षिक विकास कार्यक्रममा समावेश गर्दा निश्चित मापदण्डको आधारमा प्राथमिकीकरण गरी प्राथमिकताको आधारमा उपलब्ध श्रोतबाट सम्पन्न हुने गरी वार्षिक विकास कार्यक्रममा समावेश गर्ने ।

१६. आयोजना सम्झौता हुन पूर्व नै कार्य सम्पन्न भईसकेको भनी कुनै पनि किसिमका योजना छनौट गर्न तथा सम्झौता गरी भुक्तानी दिन नपाइने ।

१७. स्थानीयस्तरका आयोजना/कार्यक्रम सञ्चालन गर्नका लागि सकभर हाल कार्यरत उपभोक्ता समूहहरुलाई प्रयोग गर्ने । समूह नै नभएको अवस्थामा वा भईरहेको समूहले सन्तोषजनक रुपमा कार्य सम्पन्न नगरेको पाईएमा मात्र नयाँ समूह गठन गर्ने ।

१८. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने लक्षित समूहको लगत अद्यावधिक गरी राख्ने । यस्तो रकमको भुक्तानी बैङ्किङ्ग प्रणाली मार्फत गर्ने व्यवस्था मिलाउदै गर्ने ।

१९. जिल्लास्थित विषयगत कार्यालयहरुबाट अनिर्वाय रुपमा जिल्ला योजना अनुगमन तथा विश्लेषण प्रणाली (DPMAS) अनुरुपका सूचकहरुको प्रगति लिई जिल्ला सूचना तथा विश्लेषण अभिलेख केन्द्रमा रहने DPMAS software मा उक्त सूचनाको प्रवृष्टि गरी प्रशोधन तथा विश्लेषण गर्ने व्यवस्था मिलाउने ।

२०. गा.वि.स.मा जाने अनुदान बजेटको १५ प्रतिशत रकम कृषि क्षेत्रमा उपयोग हुने नीति रहे अनुसार सो रकमलाई यातायात सुविधा पुगेका गाउँमा उत्पादन बढाउने क्रियाकलाप समावेश गरी योजना तर्जुमा गर्ने ।

२१. स्थानीय निकायलाई प्राप्त अनुदान वा स्वआर्जित रकमबाट कार्यक्रम स्वीकृत नभई सञ्चालन गरिएको भनिएका योजना तथा कार्यक्रमको रकम भुक्तानी दिन, गत वर्षमा वा चालु आर्थिक वर्षमा पनि निर्धारित प्रक्रिया बमोजिम स्वीकृति र सम्झौता पूर्व कार्य सम्पन्न गरिएको भनी भुक्तानी माग गरिएको आयोजना/ कार्यक्रममा खर्च गर्न नपाइने ।

२२. नयाँ सडक निर्माण सम्बन्धी योजना स्वीकृत गर्दा स्वीकृत जिल्ला समेट्ने सडक गुरुयोजना अनुरुप मात्र गर्ने र यस्ता आयोजना सञ्चालन गर्नुपूर्व सडकको क्षेत्राधिकार कायम गर्ने । स्थानीयस्तरमा निर्माण भएका सडकहरुको लगत एकीन गरी स्थानीय मालपोत कार्यालयबाट लगत कट्टा गराउने ।

२३. निक्षेपित कार्यक्रमहरुको निरन्तर अनुगमन एवं समीक्षा गर्ने आवश्यक व्यवस्था मिलाउने ।

२४. स्थानीय निकायहरुको आम्दानी खर्च र भौतिक प्रगति विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने ।

२५. स्थानीय निकायहरुद्वारा नागरिक वडापत्र जारी गरी सम्पादित विकास निर्माणका कार्य तथा सेवा प्रवाह सम्बन्धी कार्यहरु पारदर्शी बनाई उत्तरदायी ढङ्गले सञ्चालन गर्ने र त्यसको प्रभावकारी अनुगमन गर्ने ।

२६. बाटोघाटो, सिंचाई नहर लगायतका भौतिक पूर्वाधार निर्माण गर्दा भू-क्षय नहुने, पानी मुहान एवं वन तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी सञ्चालन गर्ने । यदि भू-संरक्षण एवं वन तथा वातावरणमा प्रतिकूल असर पर्ने देखिएमा त्यसको न्यूनीकरण तथा रोकथामको लागि आवश्यक पर्ने वजेट तथा कार्यक्रम सम्वन्धित भौतिक पूर्वाधार निर्माण गर्ने निकायले स्थानीय जिल्ला वन कार्यालय वा जिल्ला भू संरक्षण कार्यालयसँग समन्वय गरी वन तथा वातावरण संरक्षणसँग सम्वधित क्रियाकलाप भौतिक पूर्वाधार निर्माणकै कार्यक्रम भित्र समावेश गरी कार्यान्वयनको ब्यवस्था मिलाउने ।

२७. महिला, दलित एवं विपन्न वर्गलाई प्रत्यक्ष लाभ पुग्ने खालका वातावरणमैत्री सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको ब्यवस्था मिलाउने ।

२८. क्रमागत आयोजना/कार्यक्रमहरु भौतिक तथा वित्तीय प्रगतिको आधारमा शीघ्र समाप्त हुने गरी प्रस्ताव गर्ने र लामो समयदेखि बार्षिक विकास कार्यक्रममा योजनाहरु समावेश भैराख्ने तर सम्पन्न हुन नसकेका आयोजना/कार्यक्रमहरुको औचित्य हेरी मात्र प्रस्तुत गर्ने र प्रस्ताव गर्ने । लामो समयदेखि वार्षिक विकास कार्यक्रममा समावेश भएका तर सम्पन्न हुन नसकेका कार्यक्रम/आयोजनाहरुको औचित्य हेरी आवश्यक देखिएमा मात्र कार्यक्रममा समावेश गर्ने ।

**(आ) शिक्षा क्षेत्र**

१. "साक्षर नेपाल" अभियानलाई सफल पार्दै स्थानीय आवश्यकता अनुरुपका जीवनोपयोगी सीपसँग शिक्षा प्रणालीलाई आवद्ध गरी लक्षित समुदायको पहुँचमा पुऱ्याउने, निरन्तर शिक्षाका अवसरहरुको सिर्जना गर्ने र सबै प्रमुख सरोकारवालाहरुसँगको सहकार्यमा कार्यान्वयन गर्ने दृष्टिकोण लिई कार्यक्रम तर्जुमा गर्ने ।

२. "प्रारम्भिक बाल विकास" मा बढी प्राथमिकता दिई यसमा स्थानीय निकाय, गैर सरकारी संस्थाहरु तथा समुदायको अग्रसरतालाई प्रोत्साहन गर्दै माग एवं औचित्यको आधारमा सन्तुलित र समावेशी ढंगले विस्तार गर्ने, व्यवस्थापनलाई प्रभावकारी बनाउने, आधुनिक बालमैत्री विधिहरुको अबलम्बन गर्ने र सहजकर्ताको क्षमता विकासमा जोड दिई कार्यक्रम तयार गर्ने ।

३. शैक्षिक तथ्यांकलाई यथार्थपरक बनाउन हालको तथ्यांक प्राप्त गर्ने विधि तथा व्यवस्थापन प्रक्रियाको पुनरावलोकन गर्दै अनुगमन तथा मूल्यांकन प्रणालीलाई सुदृढ गर्ने, विश्वसनीय एवं प्रभावकारी शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विकास र उपयोग गर्ने दृष्टिकोण लिई कार्यक्रम तयार गर्ने ।

४. विद्यालयमा कार्यरत शिक्षकहरुको तलब तथा भत्ता लगायत अन्य सुविधाहरु बैङ्किङ्ग प्रणाली मार्फत भुक्तानी गर्ने ।

**(इ) वन तथा भू-संरक्षण क्षेत्र**

१. जिल्ला विकास समितिहरुले जिल्लास्थित वन तथा वातावरण क्षेत्रको संरक्षण तथा दिगो विकासको लागि वन क्षेत्रबाट आउने आम्दानीबाट वन तथा वातावरण संरक्षणको क्षेत्रमा समेत विनियोजन गरी कार्यान्वयनको व्यवस्था मिलाउने ।

२. शहरी, औद्योगिक क्षेत्र तथा सडक आसपासका क्षेत्रहरुको वढ्दो प्रदुषणलाई न्यूनीकरण गरी स्वच्छ वातावरण एवं हरियाली प्रवर्द्धन गर्न स्थानीय निकायसंग सम्बन्धित वन वा भू-संरक्षण कार्यालयले समन्वय गरी सोको कार्यान्वयनको लागि अनुदानको निश्चित रकम विनियोजन गर्ने गराउने ।

३. विपद् एवं जोखिम न्यूनीकरणका कार्यक्रमहरुलाई वन क्षेत्रका जिल्लास्तरका कार्यक्रमहरुमा मूलप्रवाहीकरण गर्दै जान विपद् व्यवस्थापन चक्रको प्रत्येक चरणलाई सम्वोधन गर्ने कार्यक्रमहरु समेत प्रस्ताव गर्ने ।

४. वन अतिक्रमणलाई प्रत्यक्ष वा परोक्ष रुपले सहयोग पुग्ने गरी कुनै पनि कार्यक्रमहरु सञ्चालन नगर्ने र वन तथा वातावरण संरक्षणको महत्व एवं वन अतिक्रमणवाट पर्ने नकारात्मक प्रभावहरुको बारेमा प्रचारप्रसार लगायतका प्रभावकारी कार्यक्रमहरु तय गरी कार्यान्वयनको व्यवस्था मिलाउने तथा वन अतिक्रमणलाई नियन्त्रण गर्ने ।

५. प्रत्येक जिल्ला वन कार्यालयहरुले आ-आफ्नो जिल्लाभित्र भएका वन अतिक्रमणको विस्तृत लगत तयार गर्ने । जसमा अतिक्रमण गर्ने व्यक्ति, संघ संस्थाको नाम, थर र ठेगाना तथा निजले अतिक्रमण गरेको वन क्षेत्रको क्षेत्रफल र स्थान समेत स्पष्ट खुलाई क्षेत्रीय वन कार्यालय, वन विभाग/मन्त्रालय र रा.यो.आ.मा पनि पठाउने ।

६. बाटोघाटो, सिंचाई, नहर लगायतका भौतिक पूर्वाधार निर्माण गर्दा भू-क्षय नहुने, पानी मुहान एवं वन तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी सञ्चालन गर्ने । यदि भू-संरक्षण एवं वन तथा वातावरणमा प्रतिकूल असर पर्ने देखिएमा त्यसको न्यूनीकरण तथा रोकथामको लागि आवश्यक पर्ने बजेट तथा कार्यक्रम सम्बन्धित भौतिक पूर्वाधार निर्माण गर्ने निकायले स्थानीय जिल्ला वन कार्यालय वा जिल्ला भू संरक्षण कार्यालयसँग समन्वय गरी वन तथा वातावरण संरक्षणसँग सम्वधित क्रियाकलाप भौतिक पूर्वाधार निर्माणकै कार्यक्रमभित्र समावेश गरी कार्यान्वयनको व्यवस्था मिलाउने ।

७. महिला, दलित एवं विपन्न वर्गलाई प्रत्यक्ष लाभ पुग्ने खालका वातावरण मैत्री सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।

**(ई) कृषि विकास क्षेत्र**

१. कृषिका कार्यक्रम सञ्चालनबाट कर्णाली अञ्चल जस्ता पिछडिएका दुर्गम क्षेत्रहरुमा सम्भाव्य खाद्यान्न उत्पादन र अन्य सम्भाव्य आय आर्जन प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गराई खाद्य सुरक्षामा टेवा पुऱ्याउने र अन्य क्षेत्रहरुमा पनि गरिब, दलित, जनजाति, मधेशी, उत्पिडित, सिमान्त एवम् कृषि श्रमिकहरुको संख्या तथा विवरण तयार गरी उनीहरुको जीविकोपार्जनमा सुधार गर्न आय तथा रोजगार उपलब्ध गराउने खालका लक्षित समूहमुखी कार्यक्रमहरुको पनि पहिचान गरी कार्यान्वयन गर्ने दृष्टिबाट खाद्य सुरक्षा बढाउन एकीकृत कार्यक्रम तर्जुमा गर्ने ।

२. आयोजना छनौट गर्दा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिमा व्यवस्था भए बमोजिमका कृषि तथा पशु सेवा क्षेत्रसँग सम्बन्धित आयोजनाहरु छनौट गर्ने । यसरी आयोजना/ कार्यक्रम छनौट गर्दा सम्बन्धित निकायहरुको सहभागिता र समन्वयमा छनौट गर्ने ।

३. कृषि विकास तथा पशु सेवा कार्यालयहरुबाट संगठित गरिएका कृषक समूह तथा अन्य क्षेत्र वा निकायहरुबाट निर्माण भएका कृषक समूहहरु समेतको समन्वयमा कृषि प्रसार तथा पशु सेवा प्रसारका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरी कृषकहरुलाई उपलब्ध गराउने सेवा प्रवाह कार्यलाई अझ प्रभावकारी बनाउने ।

४. ग्रामीण युवाहरुलाई रोजगारी सृजना, कृषि तथा पशुपालनमा उद्यमशीलता विकास जस्ता गरिबी निवारणमा सहयोग पु-याउने खालका कार्यक्रमहरु प्रस्ताव गर्ने ।

५. कृषि क्षेत्रमा कार्यरत सरकारी–सहकारी साझेदारीमा कृषि उत्पादन, बजारीकरण तथा प्रशोधनका कार्यक्रमहरु तर्जुमा गर्ने ।

६. खाद्यान्न उत्पादन न्यून भएका र खाद्य तथा पोषण असुरक्षित क्षेत्रमा स्थानीयस्तरमा उपलब्ध खाद्यान्नको उत्पादन बृद्धि गर्ने र आन्तरिक वजारमा उच्च माग भएका दूध, दुग्ध पदार्थ, तरकारी, फलफूल आदिको उत्पादनमा प्रवर्द्धन गर्ने खालका कार्यक्रमहरु तर्जुमा गर्ने ।

७. कृषि उपज उत्पादनको बृद्धि तथा सहज बजारीकरणको लागि बजार तथा मूल्य श्रृंखलाका विभिन्न सरोकारवाला पक्षहरुसँग छलफल गरी त्यसको निष्कर्षको आधारमा मूल्य अभिबृद्धिका कार्यक्रमहरु तर्जुमा गर्नुपर्नेछ ।

८. स्थानीय स्तरमा कृषकका उपजको बजार सुनिश्चित गर्ने । सरकारी संस्थाहरुबाट खरिद गरी पछि बिक्री गर्न सकिने सम्भाव्यता हेरी त्यसका लागि बजेट छुट्याउने ।

९. सम्भाव्य स्थानहरुमा फलफूल, तरकारी, पशु र मत्स्य उत्पादन पकेट क्षेत्रहरुको विकास गर्न जिल्ला विकास समितिको कृषि तथा ग्रामीण सडक कार्यक्रम, जिल्लास्थित सिंचाई कार्यालयको कार्यक्रम, स्थानीय निकाय, कृषि विकास कार्यालय र पशु सेवा कार्यालयको संयुक्त प्रयासमा एकिकृत कार्यक्रम तर्जुमा गर्ने ।

**(उ) सडक क्षेत्र**

१. व.उ.शी.नं. ३३७१०७४ अन्तर्गत समावेश भएका दुई वा सो भन्दा बढी जिल्ला जोड्ने सडकहरु र आर्थिक केन्द्र जोड्ने सडकहरुमा स्थानीय निकायहरुले थप लगानी नगर्ने भएकाले उक्त सडकहरुको निर्माण, मर्मत सम्भार र संचालनको सम्पूण जिम्मेवारी सम्बन्धित सडक डिभिजन कार्यालयले वहन गर्ने । यसका लागि राष्ट्रिय योजना आयोगबाट प्रकाशित हुने जिल्लास्तरीय विकास कार्यक्रम (भाग-२) लाई आधार मान्ने ।

२. क्रमानुगत सडक योजनाहरुलाई कम्तीमा ग्राभेलस्तरमा निर्माण गरे पश्चात मात्र जिल्ला सडकका नयाँ गुरु योजनामा परेका नयाँ योजनाहरु समावेश गर्ने ।

३. नक्सा, डिजाइन पश्चात मात्र सडक निर्माण गर्ने । ग्रामीणस्तरको सडक डोजर, एक्साभेटरको प्रयोगलाई भन्दा जनशक्ति उपयोग गर्ने नीति लिने । जनशक्ति नपाइएमा मेशिनबाट काम गराउने र लागत अनुमान पनि सोही अनुसार गर्ने/गराउने ।

**(ऊ) स्वास्थ्य क्षेत्र**

१. नयाँ स्वास्थ्य संरचना स्थापना गर्दा परम्परागत तथा वैकल्पिक स्वास्थ्य सेवाहरु (जस्तै आर्युवेद, होमियोप्याथी, न्यूरोप्याथी, आम्ची, एकुपन्चर) लाई एउटै छातामुनि प्रवाह गर्ने व्यवस्था गरी जिल्लास्तर र प्राथमिक स्वास्थ्य केन्द्रस्तरबाट यो कार्य शुरु गर्ने ।

२. पोषण तथा एच.आई.भि. एड्स जस्ता बहुपक्षीय सरोकारका विषयलाई सम्बोधन गर्न जिल्ला स्तरीय संयन्त्र स्थापना गर्ने र भएका संयन्त्रलाई थप प्रभावकारी बनाउँदै लैजाने ।

३. गरीव तथा दुर्गम एवं पछाडि परेका क्षेत्रका जनतालाई स्वास्थ्य सम्बन्धी आधारभूत जानकारी दिन हेलो स्वास्थ्य जस्ता कार्यक्रमलाई विस्तार गरी प्रभावकारी बनाउँदै लैजाने ।

४. प्राथमिकता प्राप्त आयोजना/कार्यक्रमको सफल कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन कार्यलाई सवल बनाउने ।

**(ए) महिला बालबालिका तथा समाज कल्याण क्षेत्र**

१. बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ तथा बालबालिकाका लागि राष्ट्रिय कार्ययोजना तर्जुमा भइसकेको अवस्थामा जिल्लास्थित कार्यालयहरुले उक्त नीति र कार्ययोजनाका व्यवस्थाहरुलाई आ-आफ्नो वार्षिक कार्यक्रमहरुमा समावेश गर्ने ।

२. महिलामाथि हुने हिंसा र मानव वेचविखन तथा ओसार पसारका कार्यलाई निरुत्साहित गर्न सहयोग पुग्ने खालका कार्यक्रमहरुलाई प्राथमिकताका साथ तर्जुमा गर्नुपर्नेछ ।

३. विकाससँग सम्वद्ध आयोजना छनौटदेखि अनुगमन/मूल्यांकन गर्ने सम्मका सबै चरणमा अनिवार्य रुपमा महिलाको सहभागिता सुनिश्चित गर्नुपर्नेछ ।

४. नेपाल सरकारका विभिन्न मन्त्रालय र निकायहरुले सञ्चालन गर्ने विकास कार्यक्रम अन्तर्गत महिला सहभागिता र सशक्तिकरण जस्ता कार्यक्रमको बारेमा पहुँच बढ्ने गरी सचेतनामूलक कार्यक्रम तयार गर्ने र महिला जागृति कार्यक्रम अन्तर्गत गठित विभिन्न समूहमा तालिम प्रदान गर्दा umbrella approach को आधारमा साक्षरता, सुरक्षित बैदेशिक रोजगारी र स्थानीय निकायमा नेपाल सरकारले दिने अनुदानका बारेमा चेतना अभिबृद्धि गर्ने लगायतका क्रियाकलापहरु समेत समावेश गर्ने गरी आयोजना छनौट गर्ने ।

**(ऐ) खानेपानी तथा सरसफाई क्षेत्र**

१. सन् २०१७ सम्म सबैको लागि सरसफाई र स्वस्छ खानेपानी उपलब्ध गराउने गरी कार्यक्रम तर्जुमा गर्ने ।

२. नेपाल सरकारले MDG Accleration Framework (MAF) को संरचना भित्र रहेर सबै सामुदायिक विद्यालयहरुमा छुट्टै छात्रा शौचालय निर्माण गर्ने लक्ष्य लिएको हुँदा हालसम्म पनि छात्रा शौचालय नभएका विद्यालयहरुमा अनिवार्य रुपमा त्यस्ता शौचालय निर्माण गर्ने गरी कार्यक्रम प्रस्ताव गर्ने ।

हालै मात्र नेपालको संविधान २०७२ लागू भई नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक अवस्थामा प्रवेश गरिसकेको छ। तर स्थानीय निकायहरूको पुनर्संरचना भइनसकेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन,२०५५ को दफा १९५ बमोजिम आगामी आ .व.२०७३/७४ को लागि जिल्लास्तरीय बजेट र कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा साविकमा जस्तै आयोगबाट बजेट सीमा सहित यो मार्गदर्शन तर्जुमा गरिएको छ । मार्गदर्शनमा उल्लेखित विषयहरूलाई मध्यनजर गर्दै वार्षिक कार्यक्रम तर्जुमा गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८५ अनुसार फाल्गुण मसान्तभित्रै जिल्ला परिषद्को बैठक सम्पन्न गरी परिषद्बाट पारित वार्षिक विकास कार्यक्रमलाई चालु आ.व.को चैत्र १० गते भित्र यस आयोग र सम्बन्धित मन्त्रालय समेतमा पुग्ने गरी पठाउन समेत अनुरोध गरिएको छ ।

**क. समष्टिगत मार्गदर्शनः**

१. जिल्लास्तरीय वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा हालै मात्र संयुक्त राष्ट्र संघले पारित गरेका दिगो विकासका लक्ष्यहरू (SDGs) को अवधारणा तथा भू-कम्पपछिको पूनःनिर्माणको आवश्यकतालाई प्राथमिकता दिने ।

२. विपद् पछिको आवश्यकता आँकलन (Post Disaster Needs Assessment - PDNA) प्रतिवेदनले उल्लेख गरे अनुसार विनासकारी भू-कम्पबाट अति प्रभावित १४ जिल्ला तथा आंशिक प्रभावित १७ जिल्लामा हुने पुनर्निर्माण र पुनर्स्थापना कार्यक्रमलाई उच्च प्राथमिकता दिने ।

३. जिल्ला विकास समितिले स्थानीय निकायहरु, क्षेत्रगत सरकारी कार्यालयहरु, जिल्लामा क्रियाशील गैरसरकारी संघ संस्थाहरु, दातृ निकायका स्थानीय एकाईहरु, नागरिक समाज एबम् निजी क्षेत्रबाट लगानी हुने साधन स्रोतको एकीकृत विवरण तयार गरी सबै साझेदार र सरोकारवालाहरुसँग अन्तर्क्रिया र समन्वय गरी वार्षिक विकास योजना तर्जुमा गर्ने कार्यको अगुवाई गर्ने ।

४. जिल्ला विकास समिति र जिल्लास्थित क्षेत्रगत कार्यालयका सम्पूर्ण कार्यक्रमहरुलाई समेटी स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ लाई समेत आधार मानी एकीकृत रुपमा वार्षिक विकास योजना तर्जुमा गर्ने । यस कार्यमा क्षेत्रगत निकायहरुले आवश्यक प्राविधिक सहयोग जिल्ला विकास समितिलाई उपलब्ध गराउने ।

५. वैदेशिक सहयोगमा संचालित आयोजनाहरुको हकमा नेपाल सरकारको विकास सहायता नीति २०७१, तथा दातृ निकायसँग भएको सम्झौता अनुरुप हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

६. नेपाल पक्ष भएका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र आदिवासी / जनजातिसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा उल्लेख भएका विषयमा राष्ट्रिय दायित्व पूरा गर्न सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गर्ने ।

७. जलवायु परिवर्तन अनुकुलन, खानेपानी तथा सरसफाई, अपांगमैत्री एवं वालमैत्री, स्थानीय शासन, पोषण सुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजन, विपद व्यवस्थापन, Sendai DRR Framework, र PDNA Framework जस्ता बहुपक्षीय जिम्मेवारीका विषयलाई स्थानीय निकायको अगुवाईमा तत् सम्बन्धी प्राथगमिकतहरु प्रतिविम्वित हुने गरी वार्षिक कार्यक्रममा क्रियाकलाप समावेश गर्ने ।

८. स्थानीय तहमा सञ्चालन हुने विकास कार्यक्रममा विभिन्न किसिमका विपदबाट हुनसक्ने क्षति कम गर्ने उपाय अवलम्वन गरी नयाँ विकास निर्माणले जोखिम थप हुने अवस्था सिर्जना गर्न नहुने ।

९. जिल्लाको आवधिक योजना, क्षेत्रगत गुरुयोजना वा रणनीतिक योजना (जस्तै कृषि, उद्योग, पर्यटन, सडक, विपद्, जलवायु, वातावरण आदि) तयार भइसकेको भए ती योजनाहरुलाई समेत आधार मानेर वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने ।

१०. चालु खर्च सकेसम्म न्यून गर्ने । राजनैतिक प्रकृतिका आयोजनाहरूलाई बजेट नछुट्याउने ।

११. विकाससँग सम्बन्धित आयोजना छनौटदेखि अनुगमन / मूल्याङ्कन गर्ने सम्मका सबै चरणमा अनिवार्य रुपमा महिला, दलित एवं विपन्न वर्ग समेतका सेवाग्राही एवं लक्षित परिवारको सहभागिताको सुनिश्चितता कायम गरी तिनीहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरी वातावरणमैत्री, सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको ब्यवस्था मिलाउने ।

१२. नयाँ घोषणा गरिएका नगरपालिकाहरुको भौतिक तथा अन्य पूर्वाधार विकासलाई प्राथमिकता दिने ।

१३. विपद् जोखिम न्यूनीकरण सम्बन्धमा स्थानीय तहको बहु प्रकोप जोखिम लेखाजोखा गर्ने, वहु प्रकोप जोखिम संवेदनशील योजना तथा विपद् / जलवायु जोखिम व्यवस्थापन योजना बनाउने र यस्ता योजनाहरूले निर्दिष्ट गरेको प्राथमिकताहरू स्थानीय विकास योजनामा मुल प्रवाहीकरण गर्न सबै सरोकारवालाहरूलाई परिचालन गर्ने ।

१४. विपद् जोखिम व्यवस्थापनका लागि विपद् पूर्वतयारी, विपद् न्यूनीकरण / अल्पीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ / पुनर्निर्माण सम्बन्धी कार्यहरू पहिचान गरी स्थानीय तहको योजनाहरुमा समावेश गर्ने ।

१५. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण एवं वातावरण संरक्षणका लागि स्थानीय निकायको आन्तरिक श्रोतको निश्चित रकम विनियोजन गर्ने व्यवस्था मिलाउने र यस सम्बन्धी कार्यक्रमहरू स्थानीय योजना तर्जुमा प्रक्रियामा समावेश गराउने ।

१६. नयाँ आयोजना प्रस्ताव गर्दा अनुसूचि १ मा संलग्न फाराम भरी अनिवार्य रुपमा स्वीकृत भएको हुनुपर्ने । साथै, उक्त प्रस्तावमा आयोजनाको लागत, समयअवधि, लाभको परिमाण र गुणस्तर स्पष्ट भएको हुनुपर्ने । समय अवधि किटान नभएको आयोजनालाई प्रस्ताव नगर्ने ।

१७. भवन निर्माण सम्बन्धी बजेट छुट्याउँदा जग्गाको उपलब्धता नभई बजेट छुट्याउने कार्यलाई रोक्ने। जग्गा निश्चित नभई बजेट नछुट्याउने ।

**ख. आयोजनाको तर्जुमा एवम् छनौट सम्बन्धमा**

१८. विकास आयोजनाहरुको छनौट गर्दा आयोजनाको सर्वेक्षण, ड्रईङ्ग, डिजाईन तथा लागत इस्टीमेट लगायत सम्पूर्ण योजना प्रकृया पुरा भएका आयोजनाहरू मात्र समावेश गर्ने ।

१९. आयोजनाहरु छनौट गर्दा गरिबी न्यूनीकरण, रोजगारी वृद्धि, वातावरण संरक्षण, विपद् तथा जलवायु जोखिम न्यूनीकरण, समावेशी विकासमा सहयोग पु-याउने, छोटो समयमा सम्पन्न भई बढी प्रतिफल दिने, कम लगानीबाट बढी जनसंख्यालाई लाभ पु-याउने तथा जनसहभागिता प्राप्त गर्न सकिने, रोजगारी वृद्धि हुने किसिमका आयोजनालाई प्राथमिकता दिने ।

२०. स्थानीय निकायको अगुवाईमा हुने सहभागितामूलक समावेशी वार्षिक योजना प्रक्रिया (चौध तहको योजना प्रक्रिया) बाट माग भै आउने आयोजना मध्ये जिल्लास्तरमा संबोधन गर्न नसकिने आयोजनाहरुलाई केन्द्रियस्तरमा समावेश गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालय मार्फत त्यस्ता मागहरूको व्यवस्थापन गर्ने ।

२१. आयोजना तर्जुमा गर्दा आफ्नो क्षेत्रको विकास निर्माण एवं सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालयले अन्य सरकारी निकाय, स्थानीय निकाय, निजी क्षेत्र र नागरिक समाजसँग अन्तर्क्रिया एवं समन्वय गरी सूचना एकिकृत गराई सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अपनाई अन्तिम रुप दिने ।

२२. पूर्वाधारतर्फ निर्माणाधीन अधुरा आयोजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमलाई प्राथमिकता दिने ।

२३. विपद् जोखिम न्यूनिकरणसम्बन्धी योजना छनौट गर्दा जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी उक्त समितिले प्राथमिकिकरण गरेका कार्यक्रमहरुलाई समावेश गर्ने ।

२४. क्रमागत आयोजना / कार्यक्रमहरु भौतिक तथा वित्तीय प्रगतिको आधारमा छिटो सम्पन्न हुने गरी प्रस्ताव गर्ने । लामो समयदेखि वार्षिक विकास कार्यक्रममा समावेश भएका तर सम्पन्न हुन नसकेका कार्यक्रम / आयोजनाहरुको औचित्य हेरी आवश्यक देखिएमा मात्र कार्यक्रममा समावेश गर्ने ।

२५. जिल्ला खाद्य सुरक्षाका कार्यक्रम / आयोजना तर्जुमा गर्दा जिल्ला खाद्य सुरक्षा सञ्जालले तयार पारेको योजनालाई आधार बनाउने ।

**ग. आयोजनाको कार्यान्वयन सम्बन्धमा**

२६. जिल्लामा पुगेको स्रोतलाई न्यायोचित रुपमा जनता समक्ष पुर्‍याउन जिल्लास्थित सरकारी तथा गैर सरकारी निकायबाट लगानी हुने कार्यक्रम / आयोजनालाई स्रोतको कमी हुन नदिने र बिभिन्न विकास प्रदायक निकायहरुबाट हुने विकास कार्यलाई दोहोरिन नदिने व्यवस्था गरी स्रोतको व्यवस्थापन गर्ने ।

२७. आयोजना / कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला विकास समितिले वार्षिक कार्यतालिका बनाई लागू गर्ने र आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा जनसहभागिता जुटाउने ।

२८. आयोजना / कार्यक्रमको सञ्चालनमा सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजना स्थल, उपभोक्ताको क्षमता र केन्द्रीय निर्देशन तथा स्थानीय निकायले अवलम्बन गरेको नीतिको अधिनमा रही नगद, श्रम वा स्थानीय सामग्री समेतको योगदानको अनुपात निर्धारण गर्ने । यसरी सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार तथा समुदायलाई विशेष सहुलियत दिने उद्देश्य राखी लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई वञ्चित नगरिने नीति अवलम्वन गर्ने ।

२९. स्थानीय निकायबाट सञ्चालन गरिने पूर्वाधार विकास (सडक, खानेपानी, विद्युत, प्रकोप नियन्त्रण आदि) का कार्यक्रमहरु आयोजना / कार्यक्रम गर्नुपूर्व अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गरेको हुनुपर्ने र यस्ता आयोजना / कार्यक्रम सञ्चालन गर्दा श्रममूलक तथा वातावरणमैत्री प्रविधि अपनाउने, तर श्रम जुट्न नसक्ने आयोजनामा मेसिनरी वा यन्त्रको प्रयोग गर्नु पर्दा लागत अनुमान पनि सोही अनुसारको बनाई काम गराउने ।

३०. वार्षिक योजना तथा कार्यक्रम तयार गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत विनियोजित रकमको सीमाभित्र रही भौतिक पूर्वाधार निर्माण कार्यको सुनिश्चितता कायम गर्न सहयोग गर्ने गरी व्यवस्थापिका संसदका माननीय सदस्यहरुले छनौट गर्नु हुने पूर्वाधार आयोजनाहरु जनसहभागिताका आधारमा सञ्चालन गरिने प्रत्येक निर्वाचन क्षेत्र विकास कार्यक्रम समेतलाई योजना प्रकृयामा ल्याउने प्रयोजनका लागि सम्वन्धि क्षेत्रका व्यवस्थापिका–संसदका माननीय सदस्यहरुसँग समन्वय गरी यसमा समावेश गर्ने व्यवस्था मिलाउने ।

३१. जनसहभागितामा आधारित कार्यक्रम लगायत निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट योजना तर्जुमा गरी माग गर्ने आयोजनाहरूको सूची र लागत सहित तत् सम्बन्धी निर्देशिका र जि.वि.स. योजना पुस्तिकामा रहेको क्रमागत सूचीहरूलाई मध्यनजर गरी कार्यान्वयन हुने व्यवस्था मिलाउने ।

**घ. अनुगमन मूल्याङ्कन सम्बन्धमा**

३२. एकीकृत योजना तर्जुमा गर्दा प्रभाव, असर तथा प्रतिफल तहका नतिजालाई समेत स्पष्ट रुपमा परिभाषित गरी नतिजा खाका तयार गर्ने ।

३३. अनुगमन तथा मूल्याङ्कन सम्वन्धी खाका तयार गरी कार्यान्वयनका प्रत्येक चरणमा उक्त खाकालाई अनुशरण गरी कार्यान्वयनलाई सफल बनाउने गरी कार्यक्रम तर्जुमा गर्ने ।

**ङ. अन्तरसम्बन्धित विषयहरु (Cross Cutting Issues)**

३४. गरिबी न्यूनीकरण, सुशासन, विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, जनताको नजिकमा सेवा सुविधा, दिगो, गुणस्तरीय र वातावरणमैत्री स्थानीय पूर्वाधारको विकास र स्थानीय शासन, आर्थिक अवसरमा बृद्धि एबम् त्यसमा जनताको सहज पहुँच, लैङ्गिक उत्तरदायी बजेट, बालमैत्री एबम् वातावरणमैत्री स्थानीय शासन, सामाजिक सुरक्षा, समावेशीकरण र सशक्तीकरण जस्ता विषयलाई उच्च प्राथमिकतामा राखी वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।

३५. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने लक्षित समूहको लगत अद्यावधिक गरी राख्ने । यस्तो रकमको भुक्तानी बैङ्किङ प्रणालीमार्फत गर्ने व्यवस्थालाई थप विस्तार गर्ने ।

३६. विपद् र जलवायुजन्य जोखिम व्यवस्थापनलाई प्राथमिकता दिने समूह, क्लब, विद्यालय, उपभोक्ता समिति र गा.वि.स.लाई तहगत रुपमा दिइने अनुदानमा १० प्रतिशत थप गरी प्रोत्साहित गर्ने व्यवस्था मिलाउने । यसका लागि जिल्ला विकास समितिले नागरिक वडा मञ्च, गा.वि.स. वा नगरपालिका परामर्श समिति वा विपद् व्यवस्थापन समितिलाई अभिमुखीकरण गर्ने ।

३७. सम्पन्न भईसकेका भौतिक संरचनाहरुको दिगोपनालाई ध्यान दिई निरन्तर सञ्चालन हुन सक्ने अवस्थामा राख्नको लागि आवश्यक मर्मत सम्भार बजेटको व्यवस्था गर्ने ।

३८. स्थानीय निकायले अन्य संघ संस्थासँग सहकार्य गरी संयुक्त लगानीमा सञ्चालन गर्ने कार्यक्रम / आयोजनाहरुका लागि सम्झौता बमोजिमको आवश्यक पर्ने साझेदारी वा लागत सहभागिता रकम समपूरक कोष (Matching Fund) मा आवश्यक रकम छुटयाउने ।

चालु आ.ब. २०७२।७३ को र आगामी आ.व. २०७३/०७४ को गाविसलाई वजेट सिलिङ्ग (आगामी आ.व.को अनुमानित)

| सि.नं. | गाविसको नाम | चालु आ.व. २०७२/०७३ | | | आगामी आ.व. २०७३/०७४ | | |
|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजी | जम्मा | चालु | पूँजी | जम्मा |
| १ | वदालकोट | ४५३ | २५४५ | २९९८ | ४९८ | २८०० | ३२९८ |
| २ | छाप्रे | ४५३ | २०९८ | २५५१ | ४९८ | २३०८ | २८०६ |
| ३ | चिल्खाया | ४५८ | ४१५७ | ४६१५ | ५०४ | ४५७३ | ५०७७ |
| ४ | दाहा | ४५३ | १४९९ | १९५२ | ४९८ | १६४९ | २१४७ |
| ५ | धौलागोह | ४५९ | १४९३ | १९५२ | ५०५ | १६४२ | २१४७ |
| ६ | गेला | ४५३ | २२६६ | २७१९ | ४९८ | २४९३ | २९९१ |
| ७ | जुविथा | ४५३ | १७४१ | २१९४ | ४९८ | १९१५ | २४१३ |
| ८ | खिन | ४५९ | ४१४९ | ४६०८ | ५०५ | ४५६४ | ५०६९ |
| ९ | कोटवाडा | ४५८ | १४९४ | १९५२ | ५०४ | १६४३ | २१४७ |
| १० | कुमालागाउँ | ४५३ | १४९९ | १९५२ | ४९८ | १६४९ | २१४७ |
| ११ | लालु | ४५३ | १९४६ | २३९९ | ४९८ | २१४१ | २६३९ |
| १२ | मालकोट | ४५३ | १४९९ | १९५२ | ४९८ | १६४९ | २१४७ |
| १३ | मान्म | ४५८ | १४९४ | १९५२ | ५०४ | १६४३ | २१४७ |
| १४ | भर्ता | ४५३ | २०९३ | २५४६ | ४९८ | २३०२ | २८०० |
| १५ | मेहलमुडी | ४५३ | २७६५ | ३२१८ | ४९८ | ३०४२ | ३५४० |
| १६ | कालिका | ४५३ | १७५९ | २२१२ | ४९८ | १९३५ | २४३३ |
| १७ | मुम्रा | ४५३ | १४९९ | १९५२ | ४९८ | १६४९ | २१४७ |
| १८ | नानीकोट | ४५३ | ३७२५ | ४१७८ | ४९८ | ४०९८ | ४५९६ |
| १९ | ओदानकु | ४५८ | २०९४ | २५५२ | ५०४ | २३०३ | २८०७ |
| २० | पाखा | ४५३ | २२२२ | २६७५ | ४९८ | २४४४ | २९४२ |
| २१ | फुकोट | ४५३ | १४९९ | १९५२ | ४९८ | १६४९ | २१४७ |

| सि.नं. | गाविसको नाम | चालु आ.व. २०७२/०७३ | | | आगामी आ.व. २०७३/०७४ | | |
|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजी | जम्मा | चालु | पूँजी | जम्मा |
| २२ | फोईमहादेव | ४५३ | २०७३ | २५२६ | ४९८ | २२८० | २७७८ |
| २३ | रकु | ४५३ | १८६२ | २३१५ | ४९८ | २०४८ | २५४६ |
| २४ | राम्नाकोट | ४५३ | २९३६ | ३३८९ | ४९८ | ३२३० | ३७२८ |
| २५ | राचुली | ४५३ | १९९८ | २४५१ | ४९८ | २१९८ | २६९६ |
| २६ | रूप्सा | ४५३ | १४९९ | १९५२ | ४९८ | १६४९ | २१४७ |
| २७ | सिपखाना | ४५३ | १९०१ | २३५४ | ४९८ | २०९१ | २५८९ |
| २८ | स्यूना | ४५३ | १४९९ | १९५२ | ४९८ | १६४९ | २१४७ |
| २९ | सुकाटीया | ४५३ | २८६६ | ३३१९ | ४९८ | ३१५३ | ३६५१ |
| ३० | थिर्पु | ४५३ | १४९९ | १९५२ | ४९८ | १६४९ | २१४७ |
| | जम्मा | १३६२२ | ६३६६९ | ७७२९१ | १४९७८ | ७००३८ | ८५०१६ |

## आ.व. २०७३/७४ को योजना तर्जुमाको लागि जिविस कालिकोटवाट थप मार्गदर्शन

१. उपभोक्ता समिति गठन संग-संगै अनुगमन समिति गठन गर्ने र अनुगमन समितिको सिफारिशको आधारमा मात्र रकम भुक्तानी हुने व्यवस्था गर्ने ।

२. पाँच लाख भन्दा माथिका योजनाको सूचना पाटी (होडिङ्गवोर्ड) अनिवार्य योजना स्थलमा राख्न लगाउने ।

३. योजनाको अनिवार्यरुपमा सार्वजनिक सुनुवाई/सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने ।

४. कर्णाली रोजगार कार्यक्रमको हकमा २० लाख भन्दा माथिको योजना मात्र छनौट गर्ने/गराउने ।

५. युवा तथा खेलकूद कार्यक्रममा पनि वजेट विनियोजन गर्ने ।

६. वातावरणीय प्रभाव र विपदव्यवस्थापनमा ध्यान दिई योजना तर्जुमा गर्ने ।

७. स्थानीय स्वायत्तशासन ऐन, २०५५ को दफा १९५ र २०१ वमोजिम वढी भन्दा वढि रोजगारी श्रृजनाहुने र उत्पादनशिल कार्यक्रमका लागि प्राथमिकता तोकि योजना तर्जुमा गर्ने/गराउने ।

८. आन्तरिक राजश्व संकलन सम्वन्धी कार्य योजना वनाई अगाडि वढनु पर्ने ।

९. गाविसहरुले जिविसमा पठाउनु पर्ने मालपोत रकम स्थानीय स्वायत्तशासन ऐन, नियम अनुसार अविलम्व समयमा पठाउनु पर्ने ।

१०. सवै गैससहरुले स्थानीय निकाय र सम्बन्धित विषयगत निकायहरुसँगको समन्वयमा कार्यक्रमहरु तर्जुमा गर्ने र गैससहरुको कार्यक्रमहरु सम्बन्धित विषयगत कार्यालयहरु मार्फत एकीकृत गरी जिविसमा पेश गर्नुपर्नेछ ।

११. लक्षित वर्ग कार्यक्रमका लागि स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा व्यवस्था भए अनुरुप छुट्टयाउनु पर्ने रकम अनिवार्यरुपमा विनियोजन गर्नुपर्नेछ । (महिलाको लागि १०%, वालवालिकाको लागि १०% (वालमैत्री स्थानीयशासन सर्म्पूण गा.वि.स.मा लागु गरिने भएको हुँदा थप ५% गरी जम्मा १५%), आदिवासी, जनजाती, दलित, मधेशी, मुस्लिम तथा पिछडावर्गको लागि १५% रकम अनिवार्य विनियोजन गर्नुपर्ने ।

१२. महिलाहरुको योजना छनौट गर्दा गाविस स्तरमा भएका महिलाहरुका समुहहरु, महिला सहकारी संस्थाहरु र महिला स्वास्थ्य स्वयंसेविकाहरुको सहभागितामा योजना छनौट गरी वडा भेलाबाट पारित गराई प्राथमिकता सहित गाविसमा पठाउने ।

१३. वालवालिकाहरुको योजना छनौट गर्दा सवै वडा नागरिक मञ्चमा प्रतिनिधित्व गरेका वालवालिकाहरु २ जनाका दरले ९ वडाका १८ जना, अपांग, दलित, आदिवासी, जनजाती, विद्यालय सेवाबाट वञ्चित वालवालिका थप ९ जना गरी कम्तिमा २७ जना वालवालिकाहरुको गाविस स्तरमा बाल भेला गराई उनीहरुको भेलाबाट आवश्यकता पहिचान भएका योजनाहरुलाई प्राथमिकिकरण गरी सम्बन्धित वडा खुलाई वडा भेलाबाट समेत पारित गराई सम्बन्धित गाविसमा पठाउने ।

१४. खुल्लादिशामुक्त जिल्ला घोषणा पश्चातका पूर्ण सरसफाईका क्रियाकलापहरुका लागि प्राथमिकताका साथ रकम विनियोजन गर्नुपर्नेछ ।

१५. गाविसको संस्थागत क्षमता विकासका लागि आवश्यकता अनुसार रकम विनियोजन गर्न प्राथमिकता दिनुपर्नेछ ।

१६. वार्षिक योजना तर्जुमा गर्दा सहभागितामूलक र नतिजामा आधारित योजना (Result Based Planning) तर्जुमा पद्धतिका न्यूनतम आधारभूत मान्यताहरुलाई अँगिकार गरी योजना तर्जुमा गर्नुपर्नेछ ।

१७. आयोजना छनौट गर्दा आर्थिक तथा सामाजिक दृष्टिकोणले पछाडी पारिएका तथा दलित, उत्पीडित जाती, आदिवासी, जनजाती, महिला, युवा, अपाङ्ग तथा वालवालिकाको विकासको लागि प्राथमिकता दिई कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

१८. गाविसमा संचालन गरिने आयोजनाका सबै चरणहरुमा महिला, वालवालिका, दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, अपाङ्ग र पिछडिएको वर्ग एवं क्षेत्रको समानुपातिक र समावेशी सहभागिता सुनिश्चित गर्नुपर्नेछ ।

१९. गाविस तथा जिल्ला तहमा निर्माण गरिने भौतिक पूर्वाधारहरु निर्माण गर्दा वालमैत्री अवधारणा अनुरुप गर्नुपर्नेछ ।

२०. बालमैत्री शिक्षण सिकाई अन्तर्गतका कार्यक्रमहरु प्रमुखताका साथ अगाडी वढाउन जिल्ला शिक्षा कार्यालय, शिक्षा क्षेत्रमा काम गर्ने अन्य निकायहरुको समन्वय र शिक्षाको एकिकृत योजना वनाउन जोड दिनुपर्नेछ ।

२१. नमूनाका रुपमा केही गाविसबाट शुरुवात गरिएको बालमैत्री स्थानीय शासनलाई जिल्लाव्यापीरुपमा सघन अवधारणाको रुपमा अगाडि बढाउन सबै सरोकारवालाहरुले पहल गर्नुपर्नेछ ।

२२. जिल्लाको विकासको लागि नतिजामा आधारित आवधिक जिल्ला विकास योजनालाई प्राथमिकता दिइ गाउँ परिषद तथा जिल्ला परिषदले योजना तर्जुमा गर्नुपर्ने छ

२३. आवधिक गाउँ विकास योजना तयार भएका गाविसहरुले गाउँ स्तरका योजनाहरु छनौट गर्दा उक्त योजनालाई समेत आधार मान्नु पर्नेछ । साथै अवधि समाप्त भएका आवधिक गाउँ विकास योजनालाई समयमै अध्यावधिक गर्नुपर्ने छ ।

२४. विषयगत निकाय एवं गैसस र स्थानीय निकायका आगामी वर्षका प्राथमिकतामा पर्ने योजनाहरु स्थानीय स्वायत्त शासन ऐनले निर्दिष्ट गरेका सहभागितामूलक योजनातर्जुमाका सबै चरणहरु पार गरि आएको कुरा सुनिश्चित गरिनुपर्नेछ । यसका लागि स्थानीय निकाय, विषयगत कार्यालयहरुले नेतृत्वदायी भूमिकानिर्वाह गर्नुपर्नेछ ।

२५. जिल्ला स्थित विषयगत कार्यालय र गैससहरुको प्रत्येक आ.व.को योजना तथा कार्यक्रमको Electronic copy जिविसलाई उपलब्ध गराई जिविसको website मार्फत सार्वजनिक गर्ने ।

२६. वार्षिक समिक्षा गोष्ठिमा कार्यालय प्रमुख अनिवार्यरुपमा उपस्थित हुनुपर्ने अन्यथा निमित्तवाट कार्यक्रम पारित नहुने ।

२७. Disaster Risk Mapping का लागि सम्पूर्ण गाविसहरुले विपद न्यूनीकरण नक्सांकन निर्देशिका वमोजिम आवश्यक वजेट अनिवार्य विनियोजन गर्नुपर्ने छ ।

२८. LDRMP तयार भएका गाविसहरुले LDRMP योजना वमोजिम रकम खर्च गर्ने व्यवस्था मिलाउने

२९. “एक गाउँ एक डाक्टर” नीतिलाई कार्यान्वयन गर्न प्रत्येक गाविसले तीस हजारका दरले जिविसको छात्रवृत्ति कोषमा अनिवार्य वजेट विनियोजन गर्नु पर्ने र जिविसवाट रु एक लाख छुट्टाई उक्त कोषमा जम्मा गर्ने ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९५, नियमावली २०५६ को नियम १९९ र स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा २० को उपदफा ५ सँग सम्बन्धित सहभागितात्मक योजना तर्जुमा प्रकृयाका चरणहरु

<u>तपसिल</u>

| सि.नं. | कार्य विवरण | समय सिमा | कैफियत |
|---|---|---|---|
| १ | वजेट पूर्वानुमान र मार्गदर्शन | कार्तिक मसान्त भित्र | |
| २ | वजेट पूर्वानुमान/मार्गदर्शनको पुनरावलोकन | मार्ग पहिलो हप्ता | |
| ३ | योजना तर्जुमा वैठक | मार्ग २७ गते | |
| ४ | गाविस वैठक | पौष ७ गते | |
| ५ | वस्तीस्तरको योजना छनौट | पौष १० गते | |
| ६ | वडा समिति वैठक | पौष १२ गते भित्र | |
| ७ | गाविस वैठक | पौष १६ गते भित्र | |
| ८ | गाउँ परिषद | पौष १८ गते भित्र | |
| ९ | इलाका स्तरीय वैठक | माघ १० गते भित्र | |
| १० | विषयगत योजना तर्जुमा समिति वैठक | माघ १६ देखि २१ गते भित्र | |
| ११ | एकिकृत योजना तर्जुमा समितिको वैठक | माघ २६ देखि २९ गते भित्र | |
| १२ | जिविस वोर्ड वैठक | फाल्गुन ५ गते भित्र | |
| १३ | जिल्ला परिषद | फाल्गुन १४ गते | |
| १४ | जिल्ला विकास योजना कार्यान्वयन | फाल्गुन २० गते भित्र | |

## थप मार्गदर्शन

# आ.व. २०७३/७४ को बजेट तथा कार्यक्रम तयार गर्ने सम्वन्धी स्थानीय निकायहरुलाई मार्गदर्शन

हालै मात्र नेपालको संविधान २०७२ लागू भई नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक अवस्थामा प्रवेश गरिसकेको छ। तर स्थानीय निकायहरूको पुनर्संरचना भइनसकेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन,२०५५ को दफा १९५ बमोजिम आगामी आ .व.२०७३/७४ को लागि जिल्लास्तरीय बजेट र कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा साविकमा जस्तै आयोगबाट बजेट सीमा सहित यो मार्गदर्शन तर्जुमा गरिएको छ । मार्गदर्शनमा उल्लेखित विषयहरूलाई मध्यनजर गर्दै वार्षिक कार्यक्रम तर्जुमा गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८५ अनुसार फाल्गुण मसान्तभित्रै जिल्ला परिषद्को बैठक सम्पन्न गरी परिषद्बाट पारित वार्षिक विकास कार्यक्रमलाई चालु आ.व.को चैत्र १० गते भित्र यस आयोग र सम्बन्धित मन्त्रालय समेतमा पुग्ने गरी पठाउन समेत अनुरोध गरिएको छ ।

**च. समष्टिगत मार्गदर्शनः**

१. जिल्लास्तरीय वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा हालै मात्र संयुक्त राष्ट्र संघले पारित गरेका दिगो विकासका लक्ष्यहरू (SDGs) को अवधारणा तथा भू-कम्पपछिको पून:निर्माणको आवश्यकतालाई प्राथमिकता दिने ।

२. विपद् पछिको आवश्यकता आँकलन (Post Disaster Needs Assessment - PDNA) प्रतिवेदनले उल्लेख गरे अनुसार विनासकारी भू-कम्पबाट अति प्रभावित १४ जिल्ला तथा आंशिक प्रभावित १७ जिल्लामा हुने पुनर्निर्माण र पुनर्स्थापना कार्यक्रमलाई उच्च प्राथमिकता दिने ।

३. जिल्ला विकास समितिले स्थानीय निकायहरु, क्षेत्रगत सरकारी कार्यालयहरु, जिल्लामा क्रियाशील गैरसरकारी संघ संस्थाहरु, दातृ निकायका स्थानीय एकाईहरु, नागरिक समाज एबम् निजी क्षेत्रबाट लगानी हुने साधन स्रोतको एकीकृत विवरण तयार गरी सबै साझेदार र सरोकारवालाहरुसँग अन्तर्क्रिया र समन्वय गरी वार्षिक विकास योजना तर्जुमा गर्ने कार्यको अगुवाई गर्ने ।

४. जिल्ला विकास समिति र जिल्लास्थित क्षेत्रगत कार्यालयका सम्पूर्ण कार्यक्रमहरुलाई समेटी स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ लाई समेत आधार मानी एकीकृत रुपमा वार्षिक विकास योजना तर्जुमा गर्ने । यस कार्यमा क्षेत्रगत निकायहरुले आवश्यक प्राविधिक सहयोग जिल्ला विकास समितिलाई उपलब्ध गराउने ।

५. वैदेशिक सहयोगमा संचालित आयोजनाहरुको हकमा नेपाल सरकारको विकास सहायता नीति २०७१, तथा दातृ निकायसँग भएको सम्झौता अनुरुप हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

६. नेपाल पक्ष भएका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र आदिवासी / जनजातिसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा उल्लेख भएका विषयमा राष्ट्रिय दायित्व पूरा गर्न सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गर्ने ।

७. जलवायु परिवर्तन अनुकुलन, खानेपानी तथा सरसफाई, अपांगमैत्री एवं वालमैत्री, स्थानीय शासन, पोषण सुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजन, विपद व्यवस्थापन, Sendai DRR Framework, र PDNA Framework जस्ता बहुपक्षीय जिम्मेवारीका विषयलाई स्थानीय निकायको अगुवाईमा तत् सम्बन्धी प्राथगमिकतहरु प्रतिविम्वित हुने गरी वार्षिक कार्यक्रममा क्रियाकलाप समावेश गर्ने ।

८. स्थानीय तहमा सञ्चालन हुने विकास कार्यक्रममा विभिन्न किसिमका विपदबाट हुनसक्ने क्षति कम गर्ने उपाय अवलम्वन गरी नयाँ विकास निर्माणले जोखिम थप हुने अवस्था सिर्जना गर्न नहुने ।

९. जिल्लाको आवधिक योजना, क्षेत्रगत गुरुयोजना वा रणनीतिक योजना (जस्तै कृषि, उद्योग, पर्यटन, सडक, विपद्, जलवायु, वातावरण आदि) तयार भइसकेको भए ती योजनाहरुलाई समेत आधार मानेर वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने ।

१०. चालु खर्च सकेसम्म न्यून गर्ने । राजनैतिक प्रकृतिका आयोजनाहरूलाई बजेट नछुट्याउने ।

११. विकाससँग सम्बन्धित आयोजना छनौटदेखि अनुगमन / मूल्याङ्कन गर्ने सम्मका सबै चरणमा अनिवार्य रुपमा महिला, दलित एवं विपन्न वर्ग समेतका सेवाग्राही एवं लक्षित परिवारको सहभागिताको सुनिश्चितता कायम गरी तिनीहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरी वातावरणमैत्री, सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको ब्यवस्था मिलाउने ।

१२. नयाँ घोषणा गरिएका नगरपालिकाहरुको भौतिक तथा अन्य पूर्वाधार विकासलाई प्राथमिकता दिने ।

१३. विपद् जोखिम न्यूनीकरण सम्बन्धमा स्थानीय तहको बहु प्रकोप जोखिम लेखाजोखा गर्ने, वहु प्रकोप जोखिम संवेदनशील योजना तथा विपद् / जलवायु जोखिम व्यवस्थापन योजना बनाउने र यस्ता योजनाहरूले निर्दिष्ट गरेको प्राथमिकताहरू स्थानीय विकास योजनामा मुल प्रवाहीकरण गर्न सबै सरोकारवालाहरूलाई परिचालन गर्ने ।

१४. विपद् जोखिम व्यवस्थापनका लागि विपद् पूर्वतयारी, विपद् न्यूनीकरण / अल्पीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ / पुनर्निर्माण सम्बन्धी कार्यहरू पहिचान गरी स्थानीय तहको योजनाहरुमा समावेश गर्ने ।

१५. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण एवं वातावरण संरक्षणका लागि स्थानीय निकायको आन्तरिक श्रोतको निश्चित रकम विनियोजन गर्ने व्यवस्था मिलाउने र यस सम्बन्धी कार्यक्रमहरू स्थानीय योजना तर्जुमा प्रक्रियामा समावेश गराउने ।

१६. नयाँ आयोजना प्रस्ताव गर्दा अनुसूचि १ मा संलग्न फाराम भरी अनिवार्य रुपमा स्वीकृत भएको हुनुपर्ने । साथै, उक्त प्रस्तावमा आयोजनाको लागत, समयअवधि, लाभको परिमाण र गुणस्तर स्पष्ट भएको हुनुपर्ने । समय अवधि किटान नभएको आयोजनालाई प्रस्ताव नगर्ने ।

१७. भवन निर्माण सम्बन्धी बजेट छुट्याउँदा जग्गाको उपलब्धता नभई बजेट छुट्याउने कार्यलाई रोक्ने। जग्गा निश्चित नभई बजेट नछुट्याउने ।

## छ. आयोजनाको तर्जुमा एवम् छनौट सम्बन्धमा

१८. विकास आयोजनाहरुको छनौट गर्दा आयोजनाको सर्वेक्षण, ड्रईङ्ग, डिजाईन तथा लागत इस्टीमेट लगायत सम्पूर्ण योजना प्रकृया पुरा भएका आयोजनाहरू मात्र समावेश गर्ने ।

१९. आयोजनाहरु छनौट गर्दा गरिबी न्यूनीकरण, रोजगारी वृद्धि, वातावरण संरक्षण, विपद् तथा जलवायु जोखिम न्यूनीकरण, समावेशी विकासमा सहयोग पु-याउने, छोटो समयमा सम्पन्न भई बढी प्रतिफल दिने, कम लगानीबाट बढी जनसंख्यालाई लाभ पु-याउने तथा जनसहभागिता प्राप्त गर्न सकिने, रोजगारी वृद्धि हुने किसिमका आयोजनालाई प्राथमिकता दिने ।

२०. स्थानीय निकायको अगुवाईमा हुने सहभागितामूलक समावेशी वार्षिक योजना प्रक्रिया (चौध तहको योजना प्रक्रिया) बाट माग भै आउने आयोजना मध्ये जिल्लास्तरमा संबोधन गर्न नसकिने आयोजनाहरुलाई केन्द्रियस्तरमा समावेश गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालय मार्फत त्यस्ता मागहरूको व्यवस्थापन गर्ने ।

२१. आयोजना तर्जुमा गर्दा आफ्नो क्षेत्रको विकास निर्माण एवं सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालयले अन्य सरकारी निकाय, स्थानीय निकाय, निजी क्षेत्र र नागरिक समाजसँग अन्तर्क्रिया एवं समन्वय गरी सूचना एकिकृत गराई सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अपनाई अन्तिम रुप दिने ।

२२. पूर्वाधारतर्फ निर्माणाधीन अधुरा आयोजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमलाई प्राथमिकता दिने ।

२३. विपद् जोखिम न्यूनिकरणसम्बन्धी योजना छनौट गर्दा जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी उक्त समितिले प्राथमिकिकरण गरेका कार्यक्रमहरुलाई समावेश गर्ने ।

२४. क्रमागत आयोजना / कार्यक्रमहरु भौतिक तथा वित्तीय प्रगतिको आधारमा छिटो सम्पन्न हुने गरी प्रस्ताव गर्ने । लामो समयदेखि वार्षिक विकास कार्यक्रममा समावेश भएका तर सम्पन्न हुन नसकेका कार्यक्रम / आयोजनाहरुको औचित्य हेरी आवश्यक देखिएमा मात्र कार्यक्रममा समावेश गर्ने ।

२५. जिल्ला खाद्य सुरक्षाका कार्यक्रम / आयोजना तर्जुमा गर्दा जिल्ला खाद्य सुरक्षा सञ्जालले तयार पारेको योजनालाई आधार बनाउने ।

## ज. आयोजनाको कार्यान्वयन सम्बन्धमा

२६. जिल्लामा पुगेको स्रोतलाई न्यायोचित रुपमा जनता समक्ष पुर्‍याउन जिल्लास्थित सरकारी तथा गैर सरकारी निकायबाट लगानी हुने कार्यक्रम / आयोजनालाई स्रोतको कमी हुन नदिने र बिभिन्न विकास प्रदायक निकायहरुबाट हुने विकास कार्यलाई दोहोरिन नदिने व्यवस्था गरी स्रोतको व्यवस्थापन गर्ने ।

२७. आयोजना / कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला विकास समितिले वार्षिक कार्यतालिका बनाई लागू गर्ने र आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा जनसहभागिता जुटाउने ।

२८. आयोजना / कार्यक्रमको सञ्चालनमा सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजना स्थल, उपभोक्ताको क्षमता र केन्द्रीय निर्देशन तथा स्थानीय निकायले अवलम्बन गरेको नीतिको अधिनमा रही नगद, श्रम वा स्थानीय सामग्री समेतको योगदानको अनुपात निर्धारण गर्ने । यसरी सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार तथा समुदायलाई विशेष सहुलियत दिने उद्देश्य राखी लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई वञ्चित नगरिने नीति अवलम्वन गर्ने ।

२९. स्थानीय निकायबाट सञ्चालन गरिने पूर्वाधार विकास (सडक, खानेपानी, विद्युत, प्रकोप नियन्त्रण आदि) का कार्यक्रमहरु आयोजना / कार्यक्रम गर्नुपूर्व अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गरेको हुनुपर्ने र यस्ता आयोजना / कार्यक्रम सञ्चालन गर्दा श्रममूलक तथा वातावरणमैत्री प्रविधि अपनाउने, तर श्रम जुट्न नसक्ने आयोजनामा मेसिनरी वा यन्त्रको प्रयोग गर्नु पर्दा लागत अनुमान पनि सोही अनुसारको बनाई काम गराउने ।

३०. वार्षिक योजना तथा कार्यक्रम तयार गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत विनियोजित रकमको सीमाभित्र रही भौतिक पूर्वाधार निर्माण कार्यको सुनिश्चितता कायम गर्न सहयोग गर्ने गरी व्यवस्थापिका संसदका माननीय सदस्यहरुले छनौट गर्नु हुने पूर्वाधार आयोजनाहरु जनसहभागिताका आधारमा सञ्चालन गरिने प्रत्येक निर्वाचन क्षेत्र विकास कार्यक्रम समेतलाई योजना प्रकृयामा ल्याउने प्रयोजनका लागि सम्वन्धि क्षेत्रका व्यवस्थापिका–संसदका माननीय सदस्यहरुसँग समन्वय गरी यसमा समावेश गर्ने व्यवस्था मिलाउने ।

३१. जनसहभागितामा आधारित कार्यक्रम लगायत निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट योजना तर्जुमा गरी माग गर्ने आयोजनाहरूको सूची र लागत सहित तत् सम्बन्धी निर्देशिका र जि.वि.स. योजना पुस्तिकामा रहेको क्रमागत सूचीहरूलाई मध्यनजर गरी कार्यान्वयन हुने व्यवस्था मिलाउने ।

## झ. अनुगमन मूल्याङ्कन सम्बन्धमा

३२. एकीकृत योजना तर्जुमा गर्दा प्रभाव, असर तथा प्रतिफल तहका नतिजालाई समेत स्पष्ट रुपमा परिभाषित गरी नतिजा खाका तयार गर्ने ।

३३. अनुगमन तथा मूल्याङ्कन सम्वन्धी खाका तयार गरी कार्यान्वयनका प्रत्येक चरणमा उक्त खाकालाई अनुशरण गरी कार्यान्वयनलाई सफल बनाउने गरी कार्यक्रम तर्जुमा गर्ने ।

## ञ. अन्तरसम्बन्धित विषयहरु (Cross Cutting Issues)

३४. गरिबी न्यूनीकरण, सुशासन, विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, जनताको नजिकमा सेवा सुविधा, दिगो, गुणस्तरीय र वातावरणमैत्री स्थानीय पूर्वाधारको विकास र स्थानीय शासन, आर्थिक अवसरमा बृद्धि एबम् त्यसमा जनताको सहज पहुँच, लैङ्गिक उत्तरदायी बजेट, बालमैत्री एबम् वातावरणमैत्री स्थानीय शासन, सामाजिक सुरक्षा, समावेशीकरण र सशक्तीकरण जस्ता विषयलाई उच्च प्राथमिकतामा राखी वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।

३५. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने लक्षित समूहको लगत अद्यावधिक गरी राख्ने । यस्तो रकमको भुक्तानी बैङ्किङ प्रणालीमार्फत गर्ने व्यवस्थालाई थप विस्तार गर्ने ।

३६. विपद् र जलवायुजन्य जोखिम व्यवस्थापनलाई प्राथमिकता दिने समूह, क्लब, विद्यालय, उपभोक्ता समिति र गा.वि.स.लाई तहगत रुपमा दिइने अनुदानमा १० प्रतिशत थप गरी प्रोत्साहित गर्ने व्यवस्था मिलाउने । यसका लागि जिल्ला विकास समितिले नागरिक वडा मञ्च, गा.वि.स. वा नगरपालिका परामर्श समिति वा विपद् व्यवस्थापन समितिलाई अभिमुखीकरण गर्ने ।

३७. सम्पन्न भईसकेका भौतिक संरचनाहरुको दिगोपनालाई ध्यान दिई निरन्तर सञ्चालन हुन सक्ने अवस्थामा राख्नको लागि आवश्यक मर्मत सम्भार  बजेटको व्यवस्था गर्ने ।

३८. स्थानीय निकायले अन्य संघ संस्थासँग सहकार्य गरी संयुक्त लगानीमा सञ्चालन गर्ने कार्यक्रम / आयोजनाहरुका लागि सम्झौता बमोजिमको आवश्यक पर्ने साझेदारी वा लागत सहभागिता रकम समपूरक कोष (Matching Fund) मा आवश्यक रकम छुटयाउने ।

## अनुसूची १

## जिल्ला स्तरीय विकास आयोजना प्रस्ताव गर्ने फाराम

**खण्ड कः आयोजनाका आधारभूत विवरण**

१. आयोजनाको नामः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनोट गर्दा अपनाइएका आधारहरू

(क) कार्यान्वयन क्षेत्रः जिल्ला निर्वाचन क्षेत्र न.पा./गा.वि.स.

(ख) छनौटका आधारहरूः

५. आयोजनाको कुल लागतः

६. दातृ संस्थाः

७. आयोजनाको अवधि (प्रस्तावित जम्मा वर्ष)

(क) सुरु हुने मितिः (ख) सम्पन्न हुने मितिः

८. आयोजनाका प्रमुख क्रियाकलापहरूः

९ आयोजनाको किसिमः

सेवा प्रधान अनुसन्धान प्रधान उत्पादन प्रधान निर्माण प्रधान सुशासन प्रधान

१०. आयोजनाको लक्षित प्रतिफल/उपलब्धिः

११आयोजना कार्यान्वयन गर्ने निकायः .

**खण्ड खः आयोजनाको वित्तीय/आर्थिक पक्ष**

१२. आयोजनाको लागत ब्यहोर्ने स्रोत विवरणः ()

| विवरण | रकम रूः | विवरण | रकम रूः |
|---|---|---|---|
| आन्तरिक स्रोत | | वैदेशिक स्रोत | |
| नेपाल सरकार | | ऋण | |
| स्थानीय निकाय/संस्था | | अनुदान | |
| जनसहभागिता | | प्राविधिक सहायता | |
| जम्मा | | जम्मा | |

१३. आयोजनाको कूल रकमको वार्षिक बाँडफाँड (रकम रूः हजारमा )

| पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|
| | | | | |

१४. आयोजनाको सम्भाव्यता अध्ययनः

(क) आर्थिक प्राविधिक सम्भाव्यता अध्ययन भएको छ, छैन? नभएको भए हुन नपर्ने कारणः

(ख) आर्थिक प्राविधिक सम्भाव्यता अध्ययन भएको वर्षः

(ग) आर्थिक प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्षः

१५. आयोजनाको आर्थिक तथा वित्तीय विश्लेषणः

- खुद वर्तमान मूल्य (Net Present Value – NPV)
- लागत प्रभावकारिता अध्ययन (Cost Effectiveness Analysis)

१६. वातावरणीय प्रभाव मूल्याङ्कनको सङ्क्षिप्त विवरण (नभएको भए कारण उल्लेख गर्ने)

१७. आयोजनाको कार्यान्वयनबाट हुने लाभ र लाभको प्रकृतिः

(क) लाभान्वित हुने कूल जनसङ्ख्याः

| | | | | | |
|---|---|---|---|---|---|
| कुल जनसङ्ख्याः | | महिलाः | | बालबालिकाः | |
| आदिवासी जनजाति | | दलितः | | मुस्लिमः | |
| मधेशीः | | | | अन्य भए खुलाउनेः | |

**खण्ड गः प्रशासनिक तथा व्यवस्थापकीय विवरण**

१८. (क) आयोजनाको अनुगमन तता मूल्याङ्कन गर्ने संस्थागत व्यवस्थाः

(ख) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरणः

१९. आयोजनाको दिगोपना र सम्पन्न भएपछि सञ्चालन (Phase-out Plan) सम्बन्धी व्यवस्थाः